# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

फागुन पूर्णिमा



छैठौं शाक्यधिता सम्मेलनको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै धम्मवती गुरुमाँ



छैठौं शाक्यधिता सम्मेलनमा भाग लिएका विभिन्न राष्ट्का सहभागीहरू

DHARMAKIRTI

वर्ष- १७ अङ्क- १२ Downloaded from http://www.dhamma.digital वार्षिक रु. ५०/- मूल्य रु. ५/-

सम्पादकिय

# सातौं राष्ट्रिय बौद्ध सम्मेलन

धर्मोदय सभाको आयोजनामा सातौं राष्ट्रिय बौद्ध सम्मेलन मिति २०५६ माघ २१, २२ र २३ गते तीन दिनसम्म चित्तौनमा भव्यरूपले मनाइयो । यस सम्मेलनले नेपालमा बौद्ध जागरणको स्थिति र बौद्ध संगठनहरुको एकता प्रष्टाइएको देखिन्छ। विभिन्न जनजातीहरू समेत गरी लगभग ५० हजार मानिसहरूले प्रथम दिन यस सम्मलेनमा भाग लिएको अनुमान गरिन्छ। यसरी बहुसंख्यक सहभागीहरूलाई देखी खुशी लाग्नु त स्वभाविकै हो । तैपनि संख्यात्मक प्रगतिलाई भन्दा गुणात्मक प्रगतिलाई स्वीकार्न योग्य छ ।

सन १९४४ मा तत्कालिन प्रधानमन्त्री जुध्द शम्शेरको पालामा भिक्षुहरूलाई देश निकाला गरिएको थियो। यसको फलस्वरूप भिक्षु अमृतानन्द, भिक्षु महानाम र मणीहर्षज्योती आदिको संयोजकत्त्वमा सन् १९४४ मा धर्मोदय सभाको स्थापना भयो । यसरी बिस्तारै बौद्ध गतिविधिहरू बढ्दै गई बौद्ध जागरण ल्याइयो। ३ वर्षको एक पटक अंचल अंचलमा राष्ट्रिय बौद्ध सम्मेलन संचालन गरिरहेकोले बौद्ध सँस्कृति र बौद्ध विचारधाराको संरक्षण गर्न टेवा मिल्यो। तर पहिलो पटक सम्मेलन संचालन गरिंदासम्म यस क्षेत्रमा बिभिन्न यानहरूको भेद देखिएको थिएन । हुनत धर्मोदय सभाको स्थापना थेरवादी भिक्षुहरूकै तर्फबाट भएको हो। पछि हुँदा हुँदै यस सभामा ३ वटा यानहरू मिश्रीत भएको देखियो। बुद्ध शिक्षामा सबै वर्गलाई स्वागत भए जस्तै एक आपसमा साम्प्रदायिक भावना नभएमा ज्यादै राम्रो हुने थियो।

आजभोली सम्मेलन शुरू गरिंदा थेरवादीहरूको तर्फबाट अलग्गै परित्राण पाठ गरिन्छ भने महायानीहरूको तर्फबाट उनीहरूकै तरिकाले प्रार्थना गरिन्छ, त्यसपछि बज्राचार्यहरूको तर्फबाट स्वस्ती वाचन गरिन्छ । यसरी सहभागीहरूले नबुझिने भाषामा करीव करीव आधा घण्टा जति पाठ गरी समय बिताउनु पर्दा सम्मेलनमा भाग लिएका धेरैजसो सहभागीहरूले यसरी आ-आफ्नो गुनासा पोखेको सुन्नमा आएका छन् ।

"तिनवटै यानहरूबाट पाठ गरिएको बौद्ध चर्या विधि एक तर्फले त राम्रै हो । तैपनि यसले बुद्ध धर्मलाई साम्प्रदायिक रूपमा बिभाजित भएको देखाइयो । यो प्रथा बुद्धको विचारधारा विपरित देखियो। त्यसैले सम्मेलन शुरु गरिंदा यसरी ३,३ वटा यानहरूबाट पालैपालो (नबुझिने भाषामा) लामो समय लिएर पाठ गरी समय खेर नफाले राम्रो हुने थियो। हुनत यो मंगल कामना सहितको आशिर्वाद दिएको हो । तैपनि के गर्नु ठाउँ समय, वातावरण र मानिसहरूको रुचीलाई पनि ध्यान दिनु पर्‍यो नि ।"

यी गुनासोहरूलाई बिचार गरी हामीले भन्न सक्छौं, हामीलाई कुनै पनि धार्मिक कार्यको तर्फबाट त शान्ति चाहिएको छ, साम्प्रदायिक भावना होइन । त्यसैले हामीले साम्प्रदायिक भावनालाई त्यागेर सबैले एउटै यान बुद्धयानलाई अपनाउनु राम्रो हुनेछ ।

## विषय-सूचि


१. वुद्ध वचन ---------- १
२. निग्रोध जातक ---------- प्रकाश बज्राचार्य ---------- २
३. छिमेकी देशहरूसंग स्नेह-सम्बन्ध ---------- आचार्य सत्यनारायण गोयन्का ---------- ४
४. बुद्ध-शासनमा निब्बाण ---------- चन्द्रकाजी शाक्य ---------- ६
५. महा-परिनिर्वाण ---------- डा. अम्बेडकर, अनु. ललितरत्न शाक्य ---------- ८
६. सुनौला धर्ती म्यानमार र भगवान् बुद्धको देश नेपाल ---------- देवेन्द्रनाथ अधिकारी ---------- १०
७. धर्मकीर्ति बौद्ध मासिक - २०५५ सालको आय-व्यय विवरण ---------- ११
८. त्रिपिटक-एक परिचय - ३ ---------- अमिता धाख्वा ---------- १२
९. संयुक्त निकाय-१६, द्वितीय भाग-अनाथपिण्डिक वर्ग ---------- भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती ---------- १४
१०. द्वेष र ईर्ष्याको परिणाम ---------- भिक्षु अश्वघोष ---------- १७
११. (कविता) यहाँ ---------- सरोज उदास ---------- १८
१२. बुद्धकालीन समाजया लोक-महोत्सव-छगु चर्चा-१ ---------- कृष्ण कुमार प्रजापति ---------- १९
१३. (कविता) न्हुज ---------- ज्ञानरत्न शाक्य ---------- २२
१४. धर्मकीर्ति विहार-गतिविधि ---------- २१
१५. धर्म प्रचार-समाचार ---------- २२


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५६

विशेष सदस्य रु. १०००/- वा सो भन्दा बढी
वार्षिक रु. ५०/-
यस अङ्कको रु. ५/-

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**MARCH, 2000**

| | | | |
|---|---|---|---|
| वर्ष- १७ | अङ्क- १२ | फागुपुन्ही | पूर्णिमा २०५६ |




★ **लडाईंमा हजारौं ब्यक्तिहरूलाई जित्नुभन्दा आफूले आफैलाई जित्न सक्ने ब्यक्तिलाई नै संग्रामजित भनिन्छ ।**

★★★

★ **उत्पत्ति र विनाशको सत्य प्राकृतिक ज्ञानलाई विर्सेर सय वर्षसम्म जिउनुभन्दा उत्पत्ति र विनाशको यस तथ्य ज्ञानलाई जानेर एकदिन मात्र भएपनि जिउनु अमूल्य हुनेछ ।**

★★★

★ **अल्सी र मेहनतीहीन भई सय वर्ष जिउनुभन्दा राम्रो कार्यमा दृढ मेहनती बनी एकदिन मात्र जिउनु नै राम्रो हुनेछ ।**

Downloaded from http://www.dhamma.digital

# निग्रोध मृग जातक

✍ प्रकाश बज्राचार्य

शिकारीलाई शिकारको मतलब हुन्छ अरू केहीको चासो हुँदैन । मनोरञ्जन देख्छ उसले शिकार गर्नुमै । उसलाई आफ्नो कर्तव्यको चासो हुँदैन । उसलाई अरूको कामको चासो हुँदैन । उसलाई निर्दोष जीवहरूको ज्यानको चासो हुँदैन । शिकार गर्नु एक नशा हो शिकारीको ।

बनारसको त्यो राजा पनि ठूलो शिकारी थियो । आफ्नो काम, अरूको कामभन्दा शिकारीको काम नै ठूलो हुन्थ्यो, उसको लागि । बेला न कुबेला जनताहरू भेला गरी जङ्गलमा शिकार गर्न जाने गर्थ्यो । र शिकार थिए मृगहरू ।

जनताहरू दिक्क भइसकेका थिए । कामकाज छाडी सधैं राजाको पछि पछि लागि मृगहरू खोज्न जानाले उनीहरूलाई दाना पानी जुटाउन पनि गाऱ्हो भएर आयो । तब परस्पर सल्लाह गरी सबैजना मिली जङ्गलमा गई मृगहरू सबैलाई घेरा पारी तिनीहरूलाई धपाउँदै राजाको उद्यानमा ल्याइदिए । राजालाई खबर दिइयो । हेर्न आए । सबै मृगहरू उसको उद्यानमा थिए ।

ती मृगहरूमा दुई मृगहरू सुनौला थिए, आकर्षक थिए, लोलालु थिए । दुबै राजा थिए । उद्यानमा दुई समूहका मृगहरूमा हरेक समूहको राजा सुनौला मृग थिए । राजाले दिनहुँ एउटा मृग मार्ने हुकुम दिए, तर ती दुई सुनौला मृगहरूलाई चाहिं कसैले नमार्नु भनेर घोषणा गरे । अब राजालाई शिकार जानु परेन । दिनहुँ एउटा मृगलाई मारी उसको अगाडि ल्याइदिन्थ्यो ।

दिनको एउटा मृग मारिनथाल्यो । जो भेटियो उसैलाई मारिने भयो । कुनै पनि मृग कति दिन बाँच्ने ती कसैलाई थाहा नहुने भयो । मृगहरूको भविष्य अनिश्चित भयो । सधैं डराएर, तर्सिएर दिन बिताउने बाहेक अरू केही नगर्ने भए । तब दुई सुनौला मृगहरू आपसमा सल्लाह गरे । दिनको एउटा मृग आफैले छानी मर्न पठाउने निधो गरे । पालैपालो गरी दुई समूहका मृगका बथानहरूबाट मर्ने मृग छानिने भयो ।

त्यो दिनदेखि आ-आफ्नो पालोमा मृगहरू सरासर गएर उद्यानको छेउमा मृग काट्नलाई बनाएको वेदीमा टाउको राख्न जान्थे । कसाईंले आई आरामसंग टाउको काटिदिन्थ्यो । मर्ने पालो एकदिन एक समूहको मृगको अर्को दिन अर्को समूहको मृगको आउन थाल्यो ।

यसरी धमाधम मृगहरू काटिन थालियो ।

एकदिन ।

मर्ने पालो आयो एउटी पेट बोकेकी मृगणीको । मृगणीलाई आफ्नोभन्दा आफ्नो पेटभित्र रहेको बच्चाको ज्यानको माया लाग्यो । उनले गई आफ्नो राजा सुनौला मृगकहाँ भन्न गई, "राजन ! म दुई जिउकी छु । आज मेरो मर्ने पालो । तर मलाई माऱ्यो भने मेरो बच्चा पनि मर्ने छ । दुईवटा प्राण एकैदिन जानेछ । मेरो बच्चाले संसार कस्तो हो नदेखिकनै, जन्मन नपाउँदै मर्नु पर्नेछ । त्यसैले, महाराज, मेरो आजको मर्ने पालो सारिदिनुस् । मेरो सातो कुनै अर्कोलाई मर्न पठाउनुस् ।"

"तेरो पालो आएको तैं जानुपर्छ । तेरो मर्ने पालोमा को जान्छ र मर्न ? तँलाई जसरी प्राणको माया छ, अरूलाई छैन र ? म राजा हुँ, भेदभाव कसरी राखौं । आज तँलाई नपठाउँ, भोलि अर्कोले त्यसै भन्न आउला । तैं जानुपर्छ ।" राजाले भन्यो । उ निर्दयी थियो । राजा भएता पनि प्रजाको दुःख बाँडिलिन चाहँदैनथ्यो ।

त्यो मृग-राजालाई भनेर केही शीप नलाग्ने देखी मृगणी दोस्रो मृग समूहको सुनौला राजाकहाँ बिन्ती गर्न गई, "महाराज ! म अर्को समूहको मृगणी हुँ । म गर्भिणी छु । पेटमा बच्चा छ । निर्बोध निर्दोष बच्चा । आज मर्न जाने पालो पनि मेरो । म मरें भने मेरो बच्चा पनि मर्नेछ । त्यसैले मेरो ठाउँमा आज कुनै अर्को मृगलाई मर्न पठाउनुस् । म कृतज्ञ हुनेछु । तपाईंको भलो हुनेछ ।"

सुनौला मृगले मृगणीको आँशु भरिएका दयनीय आँखाहरूमा एकैछिन घोरिएर भन्यो- "ठीक छ । तिमी जाऊ । म कुनै अर्को मृगलाई तिम्रो ठाउँमा पठाइदिन्छु ।"

"हजुरको जय होस् !" भन्दै मृगणीले आफ्नो बाटो तताई ।

× × ×

शाही कसाँई तीन छक्क परे ।

हत्तनपत्त हातको खुकुरी त्यहीं हुत्याई दौडेर गई राजालाई भन्न गए । राजा पनि हतार-हतार गर्दै उद्यानमा आई हेर्न आए ।

मृग काट्ने वेदीमाथि टाउको राखी आँखा चिम्ली बसिराखेको थियो । सुनौला मृग । राजालाई औधि मनपर्ने सुनौला मृग आफै मर्न आएको थियो । राजा पनि चकित भयो ।

राजाले सोधे, "सुवर्ण मृग ! तिमी किन मर्न आएको ? मैले त तिमीलाई अभय दान दिन आएको थिएँ ।"

आँखा पुलुक्क उधारी सुनौला मृगले भन्यो - "राजन ! आज मर्ने पालो अर्को समूहकी एउटी गर्भ बोकेकी मृगणीको थियो । उनले मकहाँ उनको सातो कुनै



Downloaded from http://www.dhamma.digital

अर्को मृगलाई पठाइदिन याचना गर्न आई । मर्ने पालो म अरू कसलाई दिउँ ? कोही पनि त मर्न चाहँदैनन् । त्यसैले म आफै मर्न आएको हुँ ।"

राजा प्रभावित भए । भने - "तिमी धेरै दयालु रहेछौ । भैगो मैले ती गर्भिणी मृगलाई पनि जीवन दान दिएँ । अब तिमी जाऊ ।"

"तर म त राजा हुँ ! मेरो जनता एक एक गरी दिनहुँ मर्न जान परेको हेर्नुपर्छ मैले । आजको जस्तो अवस्था भविष्यमा आउँदैन भन्न सकिंदैन । त्यसैले मलाई आजै मार्नुस् ।" सुनौला मृगले फेरि थप्यो ।

राजा साँच्चै प्रभावित भयो । सुनौला मृगको आफ्नो जनताप्रतिको करूणा देखी मोहित भयो र राजाले निर्णय गरे कि आइन्दा कुनै पनि मृगलाई मार्ने छैन, निर्दोष जीवहरूको हत्या गर्ने छैन, शिकार गर्ने छैन ।

★ ★ ★

**यो जातक कथा भगवान् बुद्धले कुमार काश्यपको आमाको सम्बन्धमा भन्नुभएको थियो । यसमा आफ्नो ज्यान दिएर पनि मृगणीको प्राण बचाउन खोज्ने सुनौला मृग स्वयं बोधिसत्व थिए ।** ■

---

## "प्रज्ञानन्द स्मृति म्ये मुना" को विमोचन

सम्माननीय राजपरिषद् स्थायी समितिका सभापति डा. केशर जंग रायमाझीले बुद्धिष्ट कम्युनिकेशन सेन्टरद्वारा आयोजित एक समारोहमा 'नेपालका प्रथम संघ महानायक प्रज्ञानन्द महास्थविरद्वारा रचित 'प्रज्ञानन्द स्मृति म्ये मुना' क्यासेट विमोचन गर्नुभएको समाचार छ ।

समारोहमा बोल्नु हुँदै प्रमुख अतिथि राजपरिषद् स्थायी समितिका सभापतिले यस क्यासेटमा सम्पूर्ण मानव समाजको प्रगतिको लागि प्रार्थना गीतहरू समावेश भएकोले क्यासेट सुनेर शान्ति अनुभव गर्न सकिने कुरा बताउनु भयो ।

यस क्यासेटमा गायक गायिका भृगुराम श्रेष्ठ, मदन कृष्ण श्रेष्ठ, रमना श्रेष्ठ, लोचन भट्टराई, सपनाश्री, सुमन कपाली, काजीरत्न शाक्यले आफ्ना स्वर दिएका छन् भने सबै गीतमा किरण शाक्यले आफ्नो संगीत प्रदान गर्नुभएको छ ।

उक्त समारोहमा प्रमुख अतिथिले गायक गायिका, संगीतकारलाई उपहार प्रदान गर्नुभएको थियो भने संस्थाका सल्लाहकार श्रद्धेय ज्ञानपूर्णिक महास्थविरले विमोचित क्यासेट प्रदान गर्नुभयो । यसै गरि धर्मपाल महास्थविरले प्रज्ञानन्द स्मृति ग्रन्थ प्रदान गर्नुभयो ।

बुद्धिष्ट कम्युनिकेशन सेन्टरका अध्यक्ष अनगारिका ज्ञाणवती गुरुमांले स्वागत भाषण गर्नु भएको उक्त समारोहमा, प्रज्ञानन्द स्मृति शतवार्षिक समारोह समितिका अध्यक्ष धर्मपाल महास्थविरले प्रतिवेदन सुनाउनु भयो । समारोहमा श्रद्धेय सुदर्शन महास्थविरले क्यासेटको परिचय दिनुभयो भने सेन्टरका सचिव बिमला शाक्यले धन्यवाद ज्ञापन गर्नुभयो ।

श्रद्धेय बुद्धघोष महास्थविरले उक्त समारहेमा सभापतिको आसन ग्रहण गर्नु भएको थियो ।

## प्रभात माध्यमिक विद्यालयको स्वर्ण जयन्ति

२०५६ माघ २७ गते । स्थान- प्रभात माध्यमिक विद्यालय, श्रीघः, नःघल ।

प्रभात मा.वि.को स्वर्ण जयन्तीको उपलक्षमा माननिय सांसद डा. मंगल सिद्धि मानन्धरको प्रमुख आतिथ्यमा एक भव्य समारोह सम्पन्न गरिएको छ । सो समारोहमा प्रमुख अतिथी श्री मानन्धरले सो विद्यालयबाट वि.सं. २०५५ को एस.एल.सी परीक्षामा पहिलो श्रेणीमा उत्तिर्ण भएका विद्यार्थीहरूलाई स्वर्ण पदक तथा पुरस्कार पनि वितरण गर्नु भएको थियो ।

यसरी नै उहाँले कक्षा १ देखि ९ सम्मका पहिलो, दोश्रो र तेश्रो भएका विद्यार्थीहरूलाई पुरस्कार, चन्दा दाताहरूलाई दोसल्ला, प्रशंसापत्र र साथै छात्रवृत्तिहरू पनि प्रदान गर्नु भएको थियो । सांसद डा. मानन्धरले मन्तब्य ब्यक्त गर्नु हुँदै शिक्षाको क्षेत्रमा लगानी गर्नु भन्नु नै ब्यक्तिको साथै राष्ट्रको उन्नतीमा समेत सहयोग दिनु हो भन्नुभयो ।

विद्यालयका प्रधान अध्यापक बिद्यानन्द बज्राचार्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा काठमाडौं महानगर पालिकाका मेयर केशव स्थापित, जिल्ला शिक्षा अधिकारी बलराम सिंहको साथै अन्य थुप्रै वक्ताहरूले पनि आ-आफ्नो मन्तब्य ब्यक्त गर्नु भएका थिए ।

## बिचाः हायुका

**अनिच्चा वत संखारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरूज्झन्ति तेसं ऊप समोसुखोति ॥**

अति दुःखया खँ खः थ्वहे २०५६ साल माघया २८ गते सुथे ३ बजे ख्वपे च्वंम्ह 'वजिरञाणी' गुरूमां अकस्मात् परलोक जुल । थ्व तसकं दुःखया खँ खः । उकिं वस्पोलया परिवारपिसं धैर्य धारणा याय् फयमा नापं वस्पोल गुरुमांया गुण लुमंका जिपिं अनगारिका संघपाखें बिचा हायुका च्वना ।

अनगारिका संघ, ल.पु. व का.पु., २०५६।१०।१९



Downloaded from http://www.dhamma.digital

# छिमेकी देशहरूसंग स्नेह-सम्बन्ध

✍ आचार्य सत्यनारायण गोयन्का

छिमेकी बुद्ध अनुयायी देशहरूसंग सम्बन्ध सुधार्ने शिलशिलामा डा. भूपेन्द्र कुमार मोदीको मन्तव्य मलाई ज्यादै मन पऱ्यो। किनभने म आफू स्वयंले यस विषयलाई महत्त्व दिँदै आइरहेको छु। यसको लागि बर्षौं पहिले देखि यथाशक्य प्रयत्नशील पनि रहेको छु। तर यस उद्देश्य अत्यन्त आदर्शपूर्ण रहेपनि (उद्देश्य पूरा गर्न प्रयोग गरिएका) साधनहरूमा दोष रहेको छ भने यस उद्देश्य सम्बन्ध सुधार्ने होइन सम्बन्ध विगार्ने कारण बन्न सक्छ। यस विषयमा ध्यान पुऱ्याउन आवश्यक छ। उनीहरूमा (मानिसहरूमा) आ-आफ्ना देश र धर्मप्रति गहिरो आत्मिय भावको साथसाथै प्रेम, सम्मान र गौरवको भावनाले भरिएका हुन्छन्, जुन भावना हुनु एक सहज स्वाभाविक हो र हरेक दृष्टिकोणबाट उचित पनि। यस स्वाभाविक स्वाभिमानको साथसाथै उनीहरूमा संवेदनशीलता पनि त्यतिकै गहिरो रूपमा रहेको हुन्छ। त्यसैले उनीहरूसंग व्यवहार गर्दा सधैं सजग रहन आवश्यक छ। जब हाम्रा कुनै पनि कार्यले उनीहरूलाई तुच्छ बनाउँदै हामी आफूलाई मात्र ठूला सिद्ध गरी उनीहरूमा हामीले प्रभुत्त्व जमाउन खोजेका छौं भन्ने शंका उनीहरूको मनमा उब्जाउने छ, तब यसको प्रतिकृया अत्यन्त नकारात्मक र दौर्मनस्यतापूर्ण हुनेछ। यस्तो हुनु स्वाभाविक पनि हो; यस्तो प्रभुत्त्व प्रदर्शन चाहे राजनैतिक क्षेत्रमा होस्, अथवा धार्मिक वा साँस्कृतिक क्षेत्रमा। क्षेत्रफल र जनसंख्याको हिसावले उनीहरूको देशभन्दा हाम्रो देश धेरै ठूलो भएतापनि समझदारी त यस कुरामा मात्र हुनेछ कि- भारतले आफ्नो अहंलाई त्याग गरी अत्यन्त स्नेहयुक्त भावले उनीहरूलाई समानताको दर्जा देओस्। कुनै क्षेत्रमा पनि उनीहरूलाई नीच देखाई उनीहरूमाथि आफ्नो महत्ता जमाउने अलिकति पनि प्रयत्न नहोस्। मैले हालसम्म आफ्नो आधाभन्दा बढि जीवनको धेरैजसो समय बर्मामा र यी छिमेकी देशहरूमा बिताएँ। त्यसकारण उनीहरूको यस मानसिकता बारे म धेरै परिचित छु। हिन्दू - बौद्ध एकता बारे वर्तमान कार्यशालाहरू जुन पृष्ठभूमिको आधारमा आयोजना गरिएका छन्, त्यसलाई नबदलेसम्म यी देशहरूसंग हाम्रो सम्बन्ध सुध्रिने आशा गर्न सकिँदैन।

**बुद्धलाई विष्णुको अवतार मान्नु-**

यस विषयलाई लिएर केही वर्ष पहिले यी छिमेकी देशहरूमा जुन तीव्र द्वेषात्मक प्रतिकृयाहरू भए, ती हाम्रा सामुन्ने छन्। कुनै पनि बुद्ध अनुयायीले यी (तल उल्लेख गरिएका भ्रामक कपोलकल्पित) कुरालाई कसरी सहन सक्छ-

(१) "बुद्ध यस्तो अवतार हो, जसले यस पृथ्वीमा बारम्बार जन्म लिइरहन्छ र बुद्धको रूपमा जन्म लिइसकेपछि फेरि कल्किको रूपमा मात्र होइन (उहाँले) जब जब धर्मको हानी हुनेछ, तब यसलाई संरक्षण गर्नको लागि (यस पृथ्वीमा) जन्म लिइरहनेछ।"

उनीहरूले (बुद्ध अनुयायीहरूले) यी सब कुराहरू कसरी सहन सक्छन् ? जब कि यी कुराहरू उही गौतम सम्यक सम्बुद्धको बारेमा भनिएका छन् जसले यस भव संसारबाट मुक्त हुनका लागि आफ्ना अनेक जन्ममा विपुल पुरुषार्थद्वारा सबै धार्मिक पुण्य पारमितालाई परिपूर्ण गरिसक्नु भएको थियो। त्यसपछि (उहाँले) शाक्यराजा शुद्धोदनको कुलमा बोधिसत्त्व सिद्धार्थ गौतमको रूपमा जन्मनु भयो र युवा अवस्थामा गृहत्याग गरी परम सत्यको खोजीमा लाग्नुभयो। अत्यन्त परिश्रम र पराक्रम गर्नुभई उहाँले भारतमा लुप्त भइसकेको पुरातन सनातन विपश्यना बिद्यालाई अनुसन्धान गरी प्राप्त गर्नुभयो। यसैको अभ्यास गर्नुभई उहाँले पुनर्जन्म प्रदान गरिरहने आफ्ना सबै कर्म संस्कारहरू र विकारहरूलाई पूर्णतया निष्कासन गरेर (निर्मुल गरेर) भव संसारबाट सर्वथा विमुक्त हुनुभयो। मुक्त अवस्था प्राप्त गर्नुभई उहाँले यस हर्षोल्लासले भरेको उद्गार व्यक्त गर्नुभयो- **"अयं अन्तिमा जाति"**

- यो मेरो अन्तिम जन्म हो, **"नत्थि दानि पुनब्भवोति"**

- अब मेरो पुनर्जन्म हुनेछैन। (बुद्धको विषयमा यी सब कुराहरू बारे विस्तृत ज्ञान भइसकेका) बुद्ध अनुयायी छिमेकीहरूले यस्तो अवस्थामा उहाँको पुनर्जन्मको कथनलाई कसरी स्वीकार गर्न सक्छन् र उनीहरूले कसरी सहन सक्छन् ? आफ्ना यस परम्परागत दृढ मान्यता हुँदा हुँदै पनि उनीहरूले "कोही बारम्बार जन्म पनि लिने र त्यही व्यक्तिलाई भवमुक्त पनि भनिने" यस्तो कथनलाई कसरी मान्न सक्छन्। कुनै राम्रो उद्देश्य पूरा गर्नको लागि जन्म लिएपनि पुनर्जन्म भनेको पुनर्जन्म नै हो। पुनर्जन्मबाट नितान्त छुट्कारा पाइसक्नु भएको बुद्धलाई बारम्बार जन्म लिने विष्णु कहलाउँदा यसले बुद्ध भक्तहरूको हृदयमा कति असह्य प्रहार हुने हो, यसलाई बुझ्न आवश्यक छ। यदि हामीले बुद्धको जन्म भविष्यमा बारम्बार भइरहन्छ भन्ने हो भने (हामी आफू स्वयंले) बुद्धद्वारा माथि उल्लेख गर्नुभएको घोषाणाहरू सबैलाई मिथ्या (गलत) सावित गर्न चाहेको ठहरिने भयो। यसको साथसाथै भवविमुक्ति प्रदायी उनको शिक्षालाई पनि मिथ्या सावित गर्न चाहने भयौं, जुन तत्कालिन भारतका करोडौं मानिसलाई सिकाइएको शिक्षा हो र जुन शिक्षा-द्वारा भवमुक्त भइसकेका हजारौं साधक साधिकाहरूको हर्ष



Downloaded from http://www.dhamma.digital

उद्‌गार हाम्रो अनमोल आध्यात्मिक धरोहरको रूपमा पुरातन पालि साहित्यमा आज पनि उपलब्ध छ ।

(२) यो भन्दा पनि नराम्रो कथन यस्तो छ, जुन कुनै पनि बुद्ध भक्तको हृदयमा बल्छी अड्किएको जस्तै पीडादायक हुन पुगेको देखिन्छ । (कथन) यो हो- "बुद्ध विष्णुको सद्‌गुणको होइन बल्कि विष्णुमा भएका दुर्गुणहरूको अवतार हो । उहाँ माया, मोहको अवतार हो । उहाँले आफ्नो प्रवचना भरेको वाक चतुरहरूद्वारा आसुरीवृत्ति भएका मानिसहरूलाई वैदिक कर्मकांडहरूबाट विमुख गरी उनीहरूको सद्‌गतिको बाटो बन्द गरिदिनु भयो अर्थात् उनीहरूको अधोगति निश्चित गरिदियो । यसले गर्दा विष्णु भक्त इन्द्र र उसका देवताहरूको राज्य स्वर्ग निष्कलंक र सुरक्षित बन्न सक्यो ।"

(यसरी) बुद्ध र उनको शिक्षालाई कलंकित पार्नका लागि यस्ता कल्पनाजन्य मिथ्या धारणाको आधारमा बुद्धलाई विष्णुको नवौं अवतार सिद्ध गर्न कुनै पनि बुद्ध भक्तलाई कसरी स्वीकार्य र सहन योग्य हुन सक्छ ? केही वर्ष पहिले थाइलैण्डमा भएको एक अप्रिय प्रतिकृया यसको प्रत्यक्ष प्रमाण हुन आउँछ । उनीहरूको क्रोधको प्रमाण यो भन्दा बढि अरू के हुन सक्छ कि तदनंतर सोनी टेलिभिजनबाट बुद्धको जीवनचर्याबारे देखाइएको मिथ्यात्वले भरेको एपिसोडमा मारले बुद्धमाता महामाया (मायादेवी) संग गरिएको कुटिलताले भरेको वार्ता देखाइयो । यसबाट त्यहाँका मानिसहरूलाई ठूलो चोट पुऱ्यायो र यसको अत्यन्त अप्रिय प्रतिकृया स्वरूप बर्माका शीर्षस्थ सैनिक शासकले स्वयं सोनीलाई यस्तो कडा धम्की दियो कि जसले यस एपीसोडलाई तुरुन्त बन्द गर्न बाध्य गराइयो । यी सबै घटनाहरूले हामीलाई यस्तो पाठ सिकाएको छ कि बुद्धलाई विष्णुको अवतार सिद्ध गर्ने हठधर्मीलाई सधैंको लागि हामीले त्याग्नु राम्रो हुनेछ । यसमा नै समझदारी हुनेछ । यदि बुद्धलाई विष्णुको अवतार सिद्ध गर्ने प्रयास गरिन्छ भने जुन छिमेकी बुद्ध अनुयायीहरूलाई पहिलो दिनहरूमा गहिरो (चोट) घाउ लागेको थियो, त्यस घाउलाई फेरि उप्काउने काम नै हुन जानेछ । यस्तो मिथ्या प्रचारलाई फेरि जीवित गरी हामीले यी देशहरूसंग आफ्नो सम्बन्ध सुधार्ने आशा कसरी गर्ने ?

(३) यति मात्र होइन, जब कोही बुद्ध अनुयायीले यस्तो (भ्रामक कुराहरू पनि) सुन्छन्, "यही विष्णुले पछि गएर कल्किको रूपमा दशौं अवतार लिनेछ र त्यस अवतारको एक मात्र लक्ष बौद्धहरूसंग युद्ध गर्ने र भारतमा मात्र होइन आसपासका देशहरू अर्थात् चीन सम्मका सबै बौद्धहरूलाई खत्तम पार्ने हुनेछ । यसको लागि राम र रावणले जस्तै घोर युद्ध गरी अवतारी कल्किले सबै बौद्धहरू र उनका नेताहरू, जसलाई जिन (बुद्ध) नाम दिइएको थियो तथा शुद्धोदन र महामाया आदि सबैलाई सखाप पार्नेछ । यसरी उसले विजय प्राप्त गर्नेछ ।"

यी (माथि उल्लेखीत) बौद्ध विरोधीहरूको पौराणिक साहित्यको आधारमा अवतारवादलाई अगाडि सारेर के हामीले यी छिमेकी बुद्ध अनुयायी देशहरूसंग हाम्रो मैत्री सम्बन्ध सुधार्ने आशा राख्न सकिन्छ ? भलाई त यसैमा छ कि बुद्धको विष्णु अवतार जस्तो मिथ्या कुरालाई उठाउँदै नउठाउनु । किनकि यस्तो गर्दा गाडिएको मुर्दा लासलाई खनेर निकाल्ने जस्तो हुनेछ । जसबाट त्यस पुरानो मसानबाट हिन्दू र बौद्धहरूको पुरातन ऐतिहासिक शत्रुताले भरेको विषालु सर्प र विच्छेहरूलाई फेरि शीर उठाउने मौका मिल्यो । परन्तु दुर्भाग्यवस यो गलत अध्याय खोलियो । यसलाई समझदारीपूर्वक कसरी बन्द गर्ने ? हामी आफूहरूमा यही एक ठूलो समस्याको रूपमा रहेको छ । बुद्धलाई विष्णुको अवतार मानी बनाइएको यो कथा कत्तिको कपोलकल्पित र दूषित छ भन्ने विषयमा स्वयं डा. मोदीलाई समेत थाहा नभएको देखेर मलाई ज्यादै आश्चर्य लागेको छ । यी कार्यशालाहरूमा यस्तै अन्य थुप्रै व्यक्तिहरू पनि होलान् । उनीहरू पनि यसरी नै अज्ञानतामा परी मिथ्या धारणाहरूलाई नै महत्त्व दिइ राख्नेछन् र छिमेकी देशहरूसंग हाम्रो सुसम्बन्धमा विष नै छरिरहेनछन् । (क्रमश:)

## भिक्षु चुन्द महास्थविर दिवंगत हुनुभयो

**बैदिक शास्त्री भिक्षु चुन्द महास्थविर २०५६ फागुन १६ गतेका दिन बुटवलमा हृदयगती बन्द भई दिवंगत हुनुभएको समाचार प्राप्त भएको छ । करिब ५० वर्ष भन्दा बढी बुटवलस्थित पद्म चैत्य विहारमा रहनु भएका उहाँले सो क्षेत्रमा बुद्ध शासन चिरस्थायी कार्यमा ठूलो योगदान पुऱ्याउनु भएको छ । यसलाई बुद्ध शासनमा भएको एक अपुरणीय क्षति महशूस गर्दै उहाँको पुण्यस्मृतिमा धर्मकीर्तिले श्रद्धाञ्जली ब्यक्त गर्दछु ।**

## शोकसभा

**संखुवा सभा चैनपुरमा दिवंगत २ ब्यक्तिहरूको नाममा शोक सभा मनाइको समाचार छ ।**

**२०५६ मंसीर २७ गते, स्थान बोधिसत्त्व विहार ।**

**बोधिसत्त्व विहारका आजीवन सदस्य जीतबहादुर मोक्तान तामी दिवंगत हुनु भएकोले उहाँको पुण्यस्मृतिमा १ मिनेट मौन धारण गरी पुण्यानुमोदन गरिएको ।**

**२०५६ पौष ४ गते । स्थान- स.मा.वि. भवन ।**

**दिवंगत सेरबहादुर श्रेष्ठको पुण्यस्मृतिमा प्रकाशित स्मृति ग्रन्थ पुस्तक विमोचन गरी वितरण गरिएको ।**



Downloaded from http://www.dhamma.digital

# बुद्ध-शासनमा निब्बाण

✍ चन्द्रकाजी शाक्य
यताबहाल, लगन टोल

जहांसम्म भगवान् बुद्ध र वहांका शिष्यहरूको सम्बन्ध छ, निब्बाण (निर्वाण) आध्यात्मिक अनुभवको एक अवस्थाको नाम हो । कुनै विशिष्ट अर्थमा त्यसलाई चित्तको विशेष अवस्था पनि भन्न सकिन्छ । भगवान् बुद्धले निर्वाणको उपदेश दिनु भयो, तर निर्वृत्त भई वहां स्वयं यहां, यस जीवनमा रहनु भयो । यही वहाँको सर्वोत्तम उपदेश थियो । निर्वाणको आधार जीवनमा छ । त्यो एक वास्तविकता हो, दिट्ठ धम्म (दृष्ट धर्म) हो, देखिएको वस्तु हो । जीवनको विशुद्धिनै विमुक्तिको रूपमा साधकको लागि प्रकट हुन्छ । यही निर्वाण हो । विशुद्धि र निर्वाण दुबै एक हुन् । आचार्य बुद्धघोषले अत्यन्त सार्थकतापूर्वक भनेको छ, **"विसुद्धीति सब्बमलविरहितं अच्चन्त परिसुद्धं निब्बान वेदितब्बं ।"** चूल-वियूह-सुत्त (सुत्त निपात) मा पनि निर्वाणलाई अन्तिम शुद्धि भनेको छ । यो अन्तिम शुद्धिरुपी निर्वाण केवल बुद्धिको चिन्तन या विमर्शद्वारा प्राप्त हुन्दैन । त्यसलाई जीवनमा साक्षात्कार गर्नु पर्दछ, जसको लागि आध्यात्मिक प्रयासको आवश्यकता पर्दछ ।

निब्बाण वस्तुत: अहंभावलाई विसर्जित गर्ने पुरुषको परम सुख अवस्थाको नाम नै हो । त्यो ब्रह्मचर्यको अन्तिम फल हो । यस फलमा प्रतिष्ठित एक साधक भिक्षुलाई देखेर भगवान् बुद्धले उल्लास-पूर्वक भन्नु भएको थियो, "माथि, तल, सबैतिरबाट मुक्त भयो ! 'यो म हूँ' यस भ्रममा उ पर्दैन । यस प्रकार मुक्त भई भव-सागरबाट तरी जान्छ ।" एक अर्को मुक्त पुरुषलाई देखि भगवान्ले उद्‌गार प्रकट गर्नु भएको थियो, "निर्दोष, शुद्ध, श्वेत आसन भएको एकै धुर भएको रथ आईरहेको छ । यस निष्पापलाई आउँदै गरेको हेर, जसको स्रोत बन्द भएको छ, जो बन्धनबाट मुक्त भएको छ ।" निब्बाण दु:ख - विमुक्तिको अवस्था त हो नै, त्यसलाई निश्चितत्तम अर्थमा परम सुखको अवस्था पनि भनिएको छ । "**निब्बाणं परमं सुखं ।**" निर्वाण त्यो अ. मानुषी रति हो, जुन धर्मलाई सम्यक् दर्शन गरे वापत उत्पन्न हुन्छ । त्यो निर्विषय मनको आनन्द हो । यस्तो सुख हो, जुन निरामिष छ, आलम्बनको उपेक्षाबाट रहित छ, अतीन्द्रिय छ । यसै सुखको अनुभव गर्दै बिना हिंड्डुल, खाई-पिई, तथागत कति हप्तासम्म एकै आसनमा समाधि-अवस्थामा बसिरहनु भएको थियो । यही आनन्द थियो, जसको कारण वहाँ आफूलाई राजा मागध श्रेणिक बिम्बिसार भन्दा पनि बढी सुखी मान्नु हुन्थ्यो । वहांका शिष्यहरू मध्ये धेरैले यस रसलाई चाखेका थिए । "अहो सुख ! अहो सुख !" भन्ने भद्दिय स्थविरले यसै अवस्थालाई साक्षात्कार गरेको थियो ।" अहो ! म कत्तिको सुखी छुँ । म कत्तिको सुखपूर्वक ध्यान गर्दछु ।" यो भन्ने भिक्षुणीले पनि अमृत पाएकी थिई, यो नि:सन्देह हो । "जानें ! जानें !" उद्‌गार गर्ने ज्ञानी कौण्डिन्यले यसै परम सुखको अनुभूति प्राप्त गरेको थियो । तर निर्वाण सम्बन्धि केही अत्यन्त संप्रहर्षक उद्‌गार त भगवान् बुद्धका औरस कन्याहरू स्वरूप कुनै साधिकाहरूले नै गरेका थिए, जसले यस अनुभवको विरासतका आफ्ना शास्ताबाट पाएका थिए । 'थेरी - गाथा' मा सात भिक्षुणीहरूले अलग अलग आफ्ना निर्वाण प्राप्तिको सूचना दिंदै उल्लासपूर्वक भनेका थिए, "म निर्वाण प्राप्त गरी परम शान्त भएकी छुँ । निर्वृन्त भई म शीतलता स्वरूप भएकी छुँ ।" **"सीतिभूतम्हि निब्बुता"** । परम शान्ति नै यी भिक्षुणीहरूका लागि निर्वाण हुन् । भिक्षुणी वड्ढमाताले निर्वाण - सुखको अनुभव गर्दै भनेकी थिई, "**अफुसिं सन्तिमुत्तमं**" अर्थात् "मैले उत्तम शान्तिमा प्रवेश गरेकी छु ।" सुत्त निपातको मेत्त-सुत्तमा पनि निर्वाणको लागि 'शान्त पद' (सन्तं पदं) शब्द व्यवहार गरेको छ ।

भगवान बुद्धले भन्नु भएको छ कि जुन प्रकार महासमुद्रको केवल एक रस हुन्छ लवण-रस, त्यसै प्रकार वहांद्वारा उपदेश गरिएका धम्म-विनयको पनि एकै रस छ र त्यो हो विमुक्ति । विमुक्ति नै ब्रह्मचर्यको परम उद्देश्य हो । विमुक्ति नै निर्वाण हो यस्तो भगवान् बुद्धले स्वयं भन्नु भएको छ, राध ! विमुक्तिको अर्थ हो निर्वाण ।" एक अर्को ठाउं भगवान्ले निर्वाणको विमुक्तिको आधान पनि बताउनु भएको छ ।" भिक्षु हो ! विमुक्तिको आधान निर्वाण हो ।" पुनरुक्ति गर्दै भगवान्ले मज्झिम-निकायको धातु - विभंग सुत्तन्तमा पनि भन्नु भएको छ, भिक्षु ! यही परम आर्य सत्य हो, जुन कि यो अविनाशी निर्वाण हो ।"

भगवान बुद्ध, जन्म, जरा-मरण, दु:ख- शोकबाट विमुक्तिको खोजीमा थियो । त्यसलाई वहांले निर्वाणको रूपमा नै पाउनु भएको थियो । निर्वाण वहांको लागि आत्यन्तिक दु:ख विमुक्तिको अवस्था थियो । त्यो तथागतको मृत्यु माथि विजय थियो । पालि त्रिपिटकमा धेरैचोटी निर्वाणलाई अमृत-पद भनेको छ, जुन बडो सार्थक छ । "मैले अमृतलाई पाएको छुँ," यी शब्दहरूमा



Downloaded from http://www.dhamma.digital

भगवान्ले आफ्नो सत्य-प्राप्तिको सूचना सर्व प्रथम संसारलाई दिनु भएको थियो । धर्म सेनापति सारिपुत्रले पनि यीनै शब्दहरूमा आफ्नो सत्य-प्राप्तिको सूचना आफ्नो मित्र महामोग्गल्लानलाई दिएको थियो । भगवान्ले अमृत तर्फ लैजाने मार्गको रूपमा नै मध्यम मार्ग उपदेश दिनु भएको थियो । त्यसैको सम्बन्धमा वहांको भनाई थियो, "भिक्षुहरू हो ! ध्यान देऊ । मैले अमृत पाएको छुँ । म यसको तिमीहरूलाई उपदेश दिन्छु ।" बोधि-प्राप्ति पछि भगवान्को पहिलो उद्गार थियो, "अमृतको द्वार खुलेको छ ।" तर यो अमृत के हो ? बुद्ध-शासनको परिभाषामा राग, द्वेष र मोहको जुन क्षय हो, त्यही अमृत भनिन्छ । यही अमृत जसले पाएको छ, उसलाई भगवान् 'ब्राह्मण' भन्नु हुन्छ । चार स्मृति - प्रस्थानहरूका भावनाबाट यस अमृतको प्राप्ति हुन्छ, यस्तो भगवान्ले संयुक्त-निकायमा भन्नु भएको छ । एक सुन्दर उपमाद्वारा भगवान्ले निब्बाणलाई एक रमणीय भूमि-भाग भन्नु भएको छ, जहां जाने मार्ग तथागतले जान्नु भएको छ । वहां जाने सीधा मार्ग हो, उही आर्य अष्टांगिक मार्ग हो । यस प्रकार एक अन्य सुन्दर उपमाद्वारा भगवान्ले शरीरलाई एक राजाको नगर बताउनु भएको छ, जसको छ इन्द्रिय- आयतन छन्, जुन झ्यालहरू सम्मान छन् । यस नगरको द्वार-रक्षक स्मृति हो र राजा मन हो । यस मनरूपी राजा कहां शमथ र विपश्यना रुपी दुई सन्देशवाहक आउँदछन्, जसले सत्यको सन्देश ल्याउंदछन् । जुन मार्गबाट यी सन्देश - वाहकहरू आउने-जाने गर्दछन्, त्यो आर्य अष्टांगिक मार्ग हो र सत्यको जुन सन्देश उनीहरू ल्याउंदछन्, त्यो हो निर्वाण । निर्वाणको सिद्धान्तको प्रख्यापन बुद्ध-शासनको यस्तो कुनै ठूलो विशेषता छैन । विशेषता छ निर्वाण र त्यसको प्राप्तिको उपाय स्वरूप आर्य अष्टांगिक मार्गको परस्पर संगति । निर्वाणको अनुरूप मार्ग हो र मार्गको अनुरुप निर्वाण । यही तात्पर्य हो बुद्ध-धर्मको **'सु-आख्यात'** भन्नुमा । "जुन प्रकार गंगाको धार यमुना (नदीमा) मिल्दछ र मिलि एक हुन जान्छ, यसै प्रकार निर्वाण-गामिनी प्रतिपदा निर्वाणको साथ मिल्दछ, मिलि एक हुन जान्छ ।" निर्वाणको मार्गलाई यस जीवनमा विशोधन गर्नु, यसको लागि बुद्ध-शासन हामीलाई उत्साहित गर्दछ । मलको क्षयबाट जबसम्म आफ्नो चित्तलाई पूर्ण विशुद्ध गर्न सक्तैन, तबसम्म चैन नलिनु, यही वहां कल्याणकारी शास्ताको हाम्रो लागि उपदेश हो । अत: अ-प्रमादको ठूलो आवश्यकता छ निर्वाण-साधनाको लागि । यसैले भनिएको छ, "वीर्य-रत भिक्षु निर्वाणको समिप नै छ ।" जसै-जसै साधकहरू पंचस्कंधहरूको उत्पत्ति र विनाश माथि विचार गर्दछन्, त्यस ज्ञानीहरूले प्रीति र प्रमोद रुपी अमृत पाउँदछन्, त्यसको पनि अर्को नाम निर्वाण हो । भगवान् बुद्ध अमृत पदरूपी निर्वाणको उपदेश गर्नु हुन्थ्यो, यसको सर्वोत्तम साक्ष्य भिक्षुणी चापाले दिएकी छिन्, जसले आफ्नी पति उपकको बुद्ध-दर्शनको सम्बन्धमा भनेकी छिन्; "उसले सम्यक् सम्बुद्धले अमृत-पदको उपदेश-गरेको देख्यो ।" भिक्षुणी सुजाताले भनेकी थिईन् कि तिनले निर्मल धर्मरुपी 'अमृत पद' पाएकी छिन्, ताकि यस अमृत-पद रूपी निर्वाणलाई विना जीवनको पूर्ण विशुद्धि कसैले पाउन सक्तैन, यसैले बुद्धोपदिष्ट साधनाको सार-संकलन गर्दै धर्मसेनापति सारिपुत्रले सदाको लागि स्मरणीय शब्दहरूमा भनि दिएको छ, "आयुष्मानो ! यो जुन रागको क्षय, द्वेषको क्षय र मोहको क्षय हो, यसैलाई भनिएको हो निर्वाण ।" ■

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*- This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*

## गुम्बा हस्तान्तरण

२०५६ माघ २७ गते । बज्रबाराही- चापागाउँ, ललितपुर ।

दाता नेमरत्न शाक्यकी माता उपासिका श्रीमती पूर्ण कुमारी शाक्यले गुम्बा निर्माण गरी गुरूलाई चढाउने इच्छा प्रकट गरे अनुसार गुरु टुल्कु उर्गेन रिम्पोचेबाट स्वीकृति प्रदान भए बमोजिम तयार भएको श्री बज्रबाराही देव पुण्यभूमि बज्रयान गुम्बाको एक समारोह बीच उद्घाटन गरी गुरू फाक्छोक रिम्पोचेज्यूलाई विहार हस्तान्तरण गरिएको समाचार छ ।

कार्यक्रमका प्रमुख अतिथि राजपरिषद स्थायी समितिका सभापति डा. केशरजंग रायमाझीले गुम्बा उद्घाटन गर्नुहुँदै बुद्ध धर्म संसारका सबै प्राणीलाई शान्तिपूर्वक बाँच्न दिनका लागि केन्द्रित रहेकोले आजसम्म पनि गुम्बा र विहारहरूको महत्त्व रहेको विषयमा चर्चा गर्नुभयो ।

उक्त समारोहमा गुरू च्वपके थिचिङ्ग रिम्पोछेले धर्म प्रचार गर्नको लागि यस गुम्बाले ठूलो मद्दत पुऱ्याइने कुरो बताउनु भयो ।

बुद्धिराज बज्राचार्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा यज्ञरत्न धाख्वाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# महा–परिनिर्वाण

✍ डा. अम्बेडकर
अनु. ललितरत्न शाक्य

[ १ ]

## उत्तराधिकारीको नियुक्ति

१. एकबखत भगवान् बुद्ध शाक्यहरूको बस्तीमा चारिका गरिरहनु भएको थियो । त्यसबेला उहाँ धनुर्धारी नाम भएको शाक्य परिवारको आम्रवनमा बस्नुभएको थियो ।

२. त्यसै समयमा पावामा निगण्ठनाथ-पुत्र (महावीर) को देहान्त भएको धेरै समय भएको थिएन । उनको मृत्युपछि निर्गन्थिहरू (जैन) बीचमा झगडा पऱ्यो । तिनीहरू दुई दलमा विभाजित भए र एक आपसमा वाकयुद्ध गर्न थाले ।

३. चुन्द श्रामणेर पावामा वर्षावास सकेर आनन्द स्थविरलाई भेट्न आए । उनले सूचना दिए, "निगण्ठनाथ पुत्रको अहिले भर्खरै पावामा देहान्त भएको छ । उनको मृत्युपछि निर्ग्रन्थहरू बीचमा झगडा परेको छ । तिनीहरू दुई दलमा बाँडिएका छन् । वाकयुद्ध चलिरहेको छ । कारण अब तिनीहरूका कोही पनि शास्ता रहेनन् ।"

४. त्यसपछि आनन्द स्थविरले भने, "यो तथागतको जानकारीमा ल्याउन लायक एउटा महत्वपूर्ण विषय हो । हामी गएर उहाँलाई यो कुराको जानकारी गराई दिऔं ।

५. "बडो उत्तम ।" चुन्दले भने ।

६. त्यसपछि आनन्द र चुन्द दुवै तथागत समक्ष पुगे । अभिवादन गरेर तथागतलाई निगण्ठनाथ पुत्रको मृत्युको जानकारी गराए, साथसाथै तथागतबाट एउटा उत्तराधिकारी नियुक्त गरिदिन आग्रहपूर्वक निवेदन गरे ।

७. चुन्दको कुरा सुनिसकेपछि तथागतले उत्तर दिनुभयो 'चुन्द । अब तिमी विचार गर, संसारमा एउटा शास्ताको जन्म हुन्छ, त्यो अर्हत, सम्यक् सम्बुद्ध हुन्छ, उसले सद्धर्मको देशना गर्दछ- जुन प्रख्यात हुन्छ, प्रभावशाली पथ-प्रदर्शक हुन्छ, शान्तिको बाटोमा अग्रसर गराउँछ, तर उसका श्रावकहरू सद्धर्ममा सम्यक रूपमा प्रतिष्ठित भएनन् र त्यस सद्धर्मले शास्ता नभएको अवस्थामा तिनीहरूलाई त्राणगर्न सक्तैन । अनि ... ..."

८. "अनि, चुन्द ! यस्तो शास्ता नभइदिंदा, उसका श्रावकहरूका निमित्त बडो दुःखको कुरा हुन जान्छ र उसको धर्मको लागि पनि बडो खतरा हुन्छ ।"

९. "तर चुन्द ! जब संसारमा एउटा यस्तो शास्ताको जन्म हुन्छ- जो अर्हत हुन्छ, जसले सद्धर्मको देशना गर्छ, जसको सद्धर्म सबैलाई मनपरेको हुन्छ, जुन प्रभावशाली पथप्रदर्शक हुन्छ, शान्तिको पथमा अग्रसर गराउँछ, र उसका श्रावकहरू सद्धर्ममा सम्यक् रूपले प्रतिष्ठित भइसकेको हुन्छ र शास्ता नरहँदा पनि त्यस सद्धर्मलाई उनका श्रावकहरूले सम्यक् रूपमा प्रकट गरि रहेको हुन्छ; अनि ... ... ।

१०. "अनि चुन्द ! यस्तो शास्ता नरहँदा पनि उनका श्रावकहरूका निमित्त दुःखको कुरा हुँदैन भने यस्तो अवस्थामा उत्तराधिकारीको के आवश्यकता पर्छ ?"

११. आनन्दले एउटा अर्को अवसरमा फेरि यही कुरा दोहोऱ्याउँदा तथागतले भन्नुभयो, "आनन्द ! के तिमीले दुईजना भिक्षुहरूको बीचमा पनि धर्मको विषयलाई लिएर एउटै विचार नभएको कतै देखेका छौं ?"

१२. "छैन, तर जति पनि अहिले तथागतका वरिपरि बसेका छन्, हुनसक्छ तथागतको देहान्तपछि विनयको सम्बन्धलाई लिएर, संघको नियमहरूलाई लिएर विवाद गर्न सक्छन्- जुन विवाद धेरैजनाको लागि दुःखको कारण बन्नसक्छ, अहित हुन सक्छ ।"

१३. "आनन्द ! विनयसम्बन्धी विवाद, भिक्षुहरूको नियमसम्बन्धी विवाद धेरै महत्वका कुरा होइनन्, तर भिक्षुसंघमा धर्मलाई लिएर विवाद उठेछ भने, त्यो वास्तवमा चिन्ताको विषय हुनेछ ।"

१४. "तर धर्मसम्बन्धी विवादको विषयमा कुनै पनि 'डिक्टेटरले' केही पनि गर्न सक्तैन र उत्तराधिकारी पनि यदि डिक्टेटर बन्दैन भने, त्यसले गर्न नै के सक्छ ?"

१५. "धर्मसम्बन्धी विवादहरूको निर्णय गर्ने काम डिक्टेटरको विषय होइन ।"

१६. "कुनै पनि विवादको बारेमा संघले नै निर्णय गर्नुपर्ने हुन्छ । संघले सम्मिलित भएर विचार गर्नुपर्छ र जबसम्म निर्णयमा पुगिन्न त्यसबेलासम्म त्यस विषयमा व्यापक छलफल गर्नुपर्छ । यसपछि मात्र त्यस निर्णयलाई स्वीकार गर्नुपर्दछ ।'

१७. "वहुमतद्वारा विवादहरूको निर्णय गर्नुपर्दछ । उत्तराधिकारीको नियुक्ति यसको उपचार होइन ।"

[ २ ]

## अनित्यलाई अन्धकारको कारण मान्नु

१. 'जुनसुकै पनि यौगिक पदार्थ अनित्य हुन्छ' भन्ने सिद्धान्तलाई आरोपको अर्को आधार मानिएको छ ।

२. यस सिद्धान्तको सत्यतालाई सबैले स्वीकार गर्दछन् ।

३. सबै चीजहरू अनित्य छन् भन्ने कुरा सबैले बुझेका छन् ।



Downloaded from http://www.dhamma.digital

४. 'सत्य'मा आधारित सिद्धान्तको घोषणा हुनै पर्दछ, जस्तै- स्वयं 'सत्य' को; बरू त्यो अरूचिकर नै किन नहोस् ।

५. तर यसबाट निराशावादी परिणाम किन निकाल्ने ?

६. यदि 'जीवन थोरै दिनका लागि मात्र हुन्' भने थोरै दिनका लागि नै सही, यस विषयमा कसैले पनि दुःखी हुनुपर्ने आवश्यकता छैन ।

७. यी त केवल आ-आफ्नो दृष्टिकोणका कुरा हुन् ।

८. बर्मेलीहरूका दृष्टिकोण सर्वथा भिन्नै छन् ।

९. बर्मेली परिवारमा मृत्युको उत्सव एउटा सुखी हुनुपर्ने कुराको रूपमा मनाउँछन् ।

१०. जुन दिन कसैको मृत्यु हुन्छ, त्यो दिन गृहस्थ सबैले परिचितहरूलाई बोलाएर भोज ख्वाउँछन् र मानिसहरू नाच्दै-गाउँदै मृत देहलाई स्मशान घाटतिर लिएर जान्छन् । मृत्युप्रति कसैले पनि चासो राख्दैनन्, किनभने मृत्यु टारेर टर्दैन ।

११. यदि अनित्यता निराशाजनक हुन्छ भने, त्यो केवल यसकारणले हुन्छ- 'नित्यतालाई,' जुन वास्तवमा असत्य हुन्छ, सत्य मानिएको छ ।

१२. यसकारण बुद्धको देशना निराशाजनक छ भनी आरोप लगाउन मिल्दैन ।

[ ३ ]

## के बौद्ध धर्म निराशावादी हो ?

१. भगवान् बुद्धको धर्म एउटा निराशावादी धर्म हो भन्ने आरोप लगाइएको छ ।

२. यस आरोपको कारण प्रथम आर्यसत्यमा आधारित छ, जसको भनाइ छ, "संसारमा दुःख (=चिन्ता, कष्ट) छ ।

३. दुःखको उल्लेख हुनासाथ बुद्ध धर्ममाथि यस्तो आरोप लगाउनु एउटा निश्चय नै आश्चर्यजनक कुरा हो ।

४. कार्ल-मार्क्सले पनि भनेका छन्, "संसारमा शोषण छ, गरीव भनभन गरीब हुँदै गइरहेका छन्, धनी भन्भन् धनी हुँदै गइरहेका छन् ।"

५. तैपनि कार्ल-मार्क्सको सिद्धान्त 'निराशावादी' सिद्धान्त हो भनेर कसैले पनि भनेको छैन ।

६. अनि बुद्ध-देशनाको सम्बन्धमा मात्र अलग दृष्टिकोण किन राखिनु पर्ने ?

७. यसको कारण यस्तो हुनसक्छ - "जन्म दुख हो, मरणावस्था (जरायु) दुःख हो; मरण दुःख हो भनी उहाँले आफ्नो प्रथम उपदेशमा नै (यो कुरा) भन्नुभएको थियो । त्यसैले भगवान् बुद्धको धर्ममा निराशावादको गहिरो रंग लगाई दिएका छन् ।

८. तर शब्द-शिल्पीहरूलाई थाहा छ, यो एउटा कलापूर्ण अतिशयोक्ति मात्र हो र जो यस साहित्यिक कलामा निष्णात छन्, तिनीहरूले प्रभाव उत्पन्न गर्न यसको उपयोग त गर्दछन् नै ।

९. यो भनाइ- 'जन्म दुःख हो,' एउटा अतिशयोक्ति हो । यो भगवान् बुद्धकै अर्को प्रवचनबाट सिद्ध गर्न सकिन्छ । त्यसमा उहाँले भन्नुभएको छ, 'मनुष्य जन्म एउटा दुर्लभ घटना हो ।'

१०. फेरि तथागतबाट 'दुःख' को मात्रै कुरा भएको भए, त्यसबेला शायद तथागतमाथि यो आरोप लागिरहन सक्थ्यो ।

११. तर यस दुःखको अन्त हुनुपर्ने कुरामा भगवान् बुद्धको अर्को आर्य सत्यले यस कुरामा जोर दिन्छ । यसमा जोर दिनको लागि नै उहाँले दुःखको अस्तित्वको चर्चा गर्नुपऱ्यो ।

१२. भगवान् बुद्धले दुःख दूर गर्ने कुरालाई नै सर्वाधिक महत्व दिनुभएको छ । कपिलले दुःखको अस्तित्वको चर्चासम्म गरेका छन् र यस बारेमा धेरै केही पनि भनेका छैनन् । यही कारणबाट असन्तुष्ट भएर उहाँले आलारकालामको आश्रम पर्यन्त त्याग गर्नुभएको थियो ।

१३. यस्तो धर्मलाई निराशावादी धर्म हो भनेर कसरी भन्न सकिन्छ ?

१४. निश्चय नै, उत्सुकतापूर्वक दुःखको अन्त भएको देख्न चाहनु हुने शास्ता (=जगत्गुरू) लाई निराशावादी भन्न सकिंदैन । ■

### ज्ञानमाला रत्नवत सिरपाः

२०५६ फागुन ७ गते । स्थान- ज्ञानमाला भजन सतः, स्वयम्भू ।

ज्ञानमाला भजन खलः, स्वयम्भूको आयोजनामा बुद्ध शिक्षा प्रचार कार्यमा सेवा पुऱ्याइरहनु भएका ३ जवान महानुभावहरूलाई बुद्ध संवत् २५४३ को छैठौं ज्ञानमाला रत्नवत सिरपाः एक समारोहबिच प्रदान गरिएको समाचार छ ।

सिरपाः (पुरस्कार) प्राप्त गर्नुहुने महानुभावहरूको नामावली यसप्रकार रहेको छ ।

१. संघनायक भिक्षु अनिरुद्ध महास्थविर ।
२. दीपंकर ज्ञानमाला भजन खलः, भक्तपुर ।
३. कृष्ण बहादुर उपासक, पांगा ।



Downloaded from http://www.dhamma.digital

# सुनौला धर्ती म्यानमार र भगवान् बुद्धको देश नेपाल

✍ देवेन्द्रनाथ अधिकारी

क्षेत्रफलको हिसाबले ६७७५७७ वर्गकिलोमिटर ओगटेको म्यानमारले आफ्नो निकटतम छिमेकीको रूपमा भारत, चीन, लाओस, बंगलादेश, थाइल्याण्डलाई पाएको छ । म्यानमारले आफ्नो काखमा ४८ मिलियन म्यानमार वासीहरूलाई आश्रय दिएको छ। चार करोड अस्सी लाखले बोल्ने भाषा म्यानमार भए तापनि भिन्नाभिन्नै धार्मिक सम्प्रदायमा उनीहरू बाँडिएका म्यानमार वासीहरूले ४ जनवरी १९४८ ब्रिटिश साम्राज्यबाट स्वतन्त्रता प्राप्त गरेको थियो ।

नेपालबाट बुद्ध धर्मको प्रचार-प्रसार जति बेलादेखि भयो, त्यति बेलादेखि नै यी दुई देशको सुमधुर सम्बन्ध कायम रहेको छ । सामाजिक र धार्मिक कारणले गर्दा जनस्तरमा नेपाल र म्यानमारको सम्बन्ध सुदृढ रहँदै आएको छ। यी दुई देशका जनताले ठूलो महत्त्व दिएर युगौं पहिले सुरूवात गरेको सम्बन्ध अटुट छ, अटल छ । यो भावनात्मक सम्बन्धलाई अहमताले होइन आपसी विश्वास र सहयोगले बढाएको छ ।

नेपाल र म्यानमार दुवै देश मिलेर नयाँ-नयाँ काम गर्न सक्ने क्षेत्र पहिल्याउन सक्छन्। सांस्कृतिक, धार्मिक तथा प्राकृतिक बनोटको आधारमा अन्तरदेशीय पर्यटक बढाउन सकिन्छ । नेपाल आउने र नेपालबाट म्यानमार अवतरण गर्ने हवाईसेवा अहिले सञ्चालन भएका छैनन्। सिधा उडान नहुँदाखेरि लुम्बिनी दर्शन गर्न कलकत्ता हुँदै सारनाथ आएर आधा दिन लुम्बिनी घुमेर जाने म्यानमार पर्यटकहरूको संख्या पनि धेरै नै छ। नेपालबाट सिधा हवाई सम्पर्क कायम भयो भने स्वयम्भू, बौद्ध तथा अन्य स्थानमा घुम्ने म्यानमार पर्यटकहरूको संख्या बढ्न सक्ने देखिन्छ। नेपाली ध्वजावाहक र म्यानमारको ध्वजावाहक एकअर्काको धर्तिमा अवतरण गर्ने गराउने व्यवस्था सम्बन्धित निकायले अहिलेसम्म किन नगरेको हो थाहा हुन सकेको छैन ।

यो लेखकले यही १९९९ मा थाइल्याण्ड भ्रमणमा गएको बेला गौतम बुद्ध नेपालमा नै जन्मेका थिए भनेर थाई पथपदर्शकलाई जानकारी दिएको थियो । मैले ती पथप्रदर्शकलाई 'तपाईले बुद्ध भारतमा जन्मेका थिए भनेर के कति कारणले कसरी भन्नुभयो ?' भनेर सोध्दा उनीले भनिन्- 'स्कूलमा पढेको ।' कतिपय पूर्वीय देशहरूमा यो अवस्था विद्यमान छ । यसप्रकार बुद्ध भारतपुत्र हुन् भनेर फेरि अर्को देशमा अर्को पथप्रदर्शकले वा उक्त राष्ट्रका नागरिकले भने भने नेपालको आत्मसम्मानलाई फेरि चोट पुग्नेछ । तर म्यानमारलाई थाहा छ, उक्त देशका नागरिकलाई थाहा छ, बुद्ध नेपालको सुपुत्र हुन् भन्ने कुरा। संयुक्त राष्ट्र संघका पूर्व महासचिव स्व. उ थान्तले बुद्ध नेपालकै हुन् भन्ने यकिन गरेर लुम्बिनी गुरूयोजना शुरू गराएका थिए। बुद्धको देश नेपाल होइन भनेर जानाजानी गरिने अनर्गल हल्ला र प्रचारले नेपाल र नेपालीको आत्मसम्मानमा निको नहुने खालको चोट लाग्ने गरेको छ। यस प्रकारका प्रचारलाई मिथ्या सावित गर्न म्यानमारसँग मिलेर नेपालले सत्यतथ्यसहित विश्वसामु शिघ्राति शिघ्र आउनुपर्ने देखिन्छ । लुम्बिनी र बुद्ध भनेपछि हुरूक्क हुने म्यानमार र म्यानमारवासीहरूकै सहयोगबाट हालै लुम्बिनीमा निर्माण भएको ४४ करोड बराबरको धर्मशाला, ध्यानकेन्द्र र पगोडाले उक्त स्थानको सौन्दर्य वृद्धि मात्र नभई म्यानमारवासीहरूको अन्तरात्माको आवाजलाई पनि प्रस्तुत गरेको देखिन्छ । यस प्रकारको सहयोगमा अझै वृद्धि गराउने तर्फ श्री ५ को सरकारले म्यानमार सरकारसँग सम्पर्क बढाउनपर्ने जरूरी देखिन्छ ।

तीन लाख नेपालीहरू खेतीपाती, दुग्ध व्यवसाय तथा अन्य विभिन्न पेशा गरेर त्यहाँ बसिरहेका छन्। उनीहरूको देश म्यानमार हो, तर पुर्ख्यौली देश नेपाल हो। नेपाल र नेपालीबाट जहिले पनि माया र सहयोग पाउने आशामा उनीहरू बसिरहेका हुन्छन्। यो अनौठो पनि होइन। नेपाली मूलका म्यानमारवासी लेखक श्री ठाकुरप्रसाद गुरागाईलाई मदन पुरस्कार गुठीले करिब दुई वर्ष अघि जगदम्बाश्री पुरस्कारबाट सम्मानित गरेको कारणले पनि म्यानमारमा नेपाल र नेपालीप्रतिको स्नेह ममतामा बृद्धि भएको छ भन्ने कुरा श्री गुरागाईबाट सुन्ने मौका मैले पाएको थिएँ। यसले भावनात्मक सम्बन्धमा एक पत्र माया अवश्य पनि थपेको हुनुपर्छ । नेपाली मूलका म्यानमारवासीहरू र प्रवासी नेपालीहरूले आफ्नो पुर्ख्यौली संस्कृतिलाई जोगाएर राख्न कोसिस गरिरहेका छन् । त्यसरी उनीहरूबाट गरिएको र गरिने सत्कार्यको हामीले मुक्तकण्ठले प्रशंसा र स्वागत गर्न पछि पर्नु हुँदैन ।

बर्मा (म्यानमारमा) नयाँ नेपाली पुस्ताले नागरिकता लिएको भए तापनि पुराना पुस्ता धेरैले नागरिकता लिएको छैन र तिनीहरूले आवासीय विदेशी नागरिकको प्रमाणपत्र लिएर बसेका छन् । यसरी बस्नेले वार्षिक रूपमा सरकारलाई निश्चित रकम तिरेर बस्ने गरेका छन् । उनीहरू नेपाली नै बनेर बस्न रूचाएका छन्। यो संख्या लाखभन्दा बढी छ । उनीहरू भाइचारा र शान्तिको सन्देश फैलाएर बसिरहेका छन् । त्यहाँ केहीले राम्रो कमाइ गरेका पनि छन्। त्यहाँका पुँजीपतिहरूले हाम्रो देशमा आएर लगानी गर्न सक्ने वातावरण तयार गर्ने काम सरकारको हो । यस प्रकारको वातावरण तयार गरेर म्यानमार र नेपाललाई औद्योगिक विकासमा एकअर्काका पूरक बनाउने कोसिस गरेमा दुवै राष्ट्रका लागि लाभदायक



Downloaded from http://www.dhamma.digital

नै हुनेछ । म्यानमारमा अहिले विकासले आफ्नो गति बढाएको छ भन्ने सुनिन्छ । कलकारखाना खुल्दैछन् । वैज्ञानिक तरिकाले शहरीकरण हुँदैछ । रोजगारी बढिरहेको छ किनकि विकासका कार्यक्रमहरू बढ्दै छन् । देशको अनुपातमा जनसंख्या धेरै छैन । म्यानमारको विकास र त्यहाँ सिर्जना हुने रोजगारीले अन्ततः प्रवासी नेपालीले नै फाइदा लिनसके राम्रो हो ।

धार्मिक आस्थाबाट शुरू भएको जनस्तरीय प्रगाढ सम्बन्ध नेपाल र म्यानमारबीच रहेको छ । यो सम्बन्धलाई अझ बढी मात्रामा सुमधुर बनाउन सरकार प्रयत्नशील हुनुपर्छ । यी दुई देशमध्ये कुनै पनि देशका नागरिकहरूले एकले अर्काको भावनात्मक सम्बन्धमा चोट पुग्ने गरेर बोल्ने वा लेख्ने गरेमा दुबै देशका जनता र देश स्वयंलाई घाटा पुग्छ । हामी नेपालीहरू सचेत भएर बोल्ने गरेको खण्डमा त्यहाँ बस्ने गरेका प्रवासी नेपाली दाजुभाइले सजिलोपन महसुस गर्नेछन् । हामी दुई देशको सम्बन्ध परम्परागत धार्मिक तथा सामाजिक सम्बन्धबाट सिर्जिएकाले पक्कै पनि थिलथिले छैन । बलियो छ । प्रगाढ छ ।

हाम्रो सरकार, पार्टी वा व्यक्तिले हाम्रो सम्बन्ध निर्माण गरेको होइन । कूटनीतिक सम्बन्ध मात्र सरकार-सरकारबीच स्थापना गरिएको हुन्छ । यो भत्किन सक्छ, बिग्रन सक्छ, नाशिन सक्छ । तर जनस्तरबाट निर्माण भएको पुस्तैनी पुरानो भावनात्मक सम्बन्ध न नाशिन्छ, न बिग्रन्छ, न भत्किन्छ नै ।

दुई देशबीचको सम्बन्धमा चिसोपना आउने किसिमका कुनै घटना भएको छ भने पनि त्यसलाई समयमा नै सुल्झाउने कोसिस गर्नु कूटनीतिक हिसाबले बुद्धिमानी नै हुनेछ ।

*- साभार कान्तिपुर*

## धर्मकीर्ति बौद्ध मासिक
### वर्ष १६ अंक १ देखि १२ सम्मको
### २०५५ सालको आय-व्यय विवरण

| | खर्च | रकम | आम्दानी | रकम |
|---|---|---|---|---|
| १. | काजग खर्च | ६२४२२/८५ | ग्राहक शुल्क १८१२ × ५० | ९०६००/-- |
| २. | छपाई | ८५६४५/६० | विज्ञापन | ३८३१०/-- |
| ३. | मसलन्द | ३४३०/-- | अन्तिम कागज मौज्दात | ९९५५/८२ |
| ४. | हुलाक | १०१०७/-- | | |
| ५. | ढुवानी | ४२५/-- | शोध भर्ना गर्नु पर्ने घाता रकम | २८३८९/६३ |
| ६. | पुस्तक खरिद | ३०५/-- | | |
| ७. | कार्यालय खर्च | ४१००/-- | | |
| ८. | बैंक कमिशन | १७०/-- | | |
| ९. | विशेष सदस्य प्र. फ्रेम | ६५०/-- | | |
| | | १,६७,२५५/४५ | | १६७,२५५/४५ |

उक्त रकम यसरी सोधभर्ना गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १) | पत्रिकाको मुद्दती खाताबाट ब्याज प्राप्त | रु. | ४५,०००/- |
| | पत्रिकाको बचत खाताबाट ब्याज प्राप्त | रु. | २५०८६/५३ |
| | जम्मा ब्याज रकम | रु. | ७००८६/५३ |
| | यस वर्षको घाता रकम | रु. | २८३८९/६३ |
| | सोधभर्ना गरी बचत रकम | रु. | ४१६९६/९० |

उक्त बचत रकम पत्रिकाको कोषमा जम्मा गरिएको छ ।

### पत्रिका कोषको विवरण

| | | |
|---|---|---|
| २०५४ साल मसान्त सम्मको जम्मा रकम | रु. | ३,७६२५६/४५ |
| २०५५-१ देखि २०५५ साल मसान्त सम्मको | | |
| विशेष सदस्य संख्या २० जवानको रकम | रु. | २०३९४/- |
| दान चन्दा प्राप्त रकम | रु. | २०१००/- |
| सोध भर्ना गरी बचत रकम | रु. | ४१६९६/९० |
| कोषमा भएको जम्मा रकम | रु. | ४,५८,४४७/३५ |



Downloaded from http://www.dhamma.digital

# त्रिपिटक–एक परिचय - ३

✍ अमिता धाख्वा

## अभिधम्म पिटक

अभिधर्मपिटक त्रिपिटकको तेस्रो पिटक हो । अभिधर्म भगवान् बुद्धले देशना गर्नुभएका दार्शनिक उपदेशहरूको संग्रह हो । अभिधर्म सुत्तपिटकभन्दा पनि गम्भीर र विशिष्ट ग्रन्थ हो । अभिधर्ममा भगवान् बुद्धका उपदेशहरूको वर्गीकरण र विश्लेषण तात्विक एवं मनोवैज्ञानिक तवरले गरिएका व्याख्याहरू छन् । अभिधर्म पिटकमा सात प्रकरणहरू छन् - १. धम्मसङ्गणी २. विभङ्ग, ३. धातुकथा ४. पुग्गलपञ्ञत्ति ५. कथावत्थु ६. यमक र ७. पट्ठान ।

१. **धम्मसङ्गणी** - यो अभिधर्मपिटकको एक महत्वपूर्ण ग्रन्थ हो । यसमा समस्त धर्मलाई कुशल, अकुशल र अव्याकृत ३ भागमा विभाजन गरी मनोवैज्ञानिक ढङ्गले व्याख्या गरिएको छ । साथै सम्पूर्ण धर्मलाई १२२ मातिकामा विभाजन गरिएको छ । यस ग्रन्थमा चित्तकाण्ड, रूपकाण्ड, निक्खेपकाण्ड र अत्थुद्धारकाण्ड गरी ४ भागमा विभाजित छन् ।

२. **विभङ्ग** - यो शब्दको अर्थ हो - अलग्ग अलग्ग छुट्याएर विभाजन गर्नु । यसमा १८ वटा विभङ्गहरू छन् । ती हुन् - खन्ध, आयतन, धातु, सच्च, इन्द्रिय, पच्चयाकार, सतिपट्ठान, सम्मपधान, इद्धिपात, बोज्झङ्ग, मग्ग, झान, अप्पमञ्ञा, सिक्खापद, पटिसम्भिदा, ञाण, खुद्दक र धम्महदय ।

३. **धातुकथा** - यसमा खन्ध, आयतन, धातु आदि १८ वटा विभङ्गलाई पाँच मातिकामा विभाजन गरी सम्पयोग, विप्पयोग, संग्रह-असंग्रहको गरी सूक्ष्म व्याख्या गरिएको छ ।

४. **पुग्गलपञ्ञत्ति** - यसमा संसारमा भएका व्यक्तिहरूको अनेक प्रकारले वर्गीकरण पाइन्छ । यसमा एकविध पुद्गल प्रज्ञप्तिदेखि दशविद पुद्गल प्रज्ञप्तिको संग्रहको व्याख्यान छ ।

५. **कथावत्थु** - यसमा तृतीय संगायन भएको बेलामा सम्राट् अशोकका गुरु मौग्गलीतिस्स महास्थविर द्वारा व्याख्यान गरिएका उपदेशहरूको संग्रह छन् । यसमा अशोककालीन समयसम्म १८ वटा सम्प्रदायमा विभक्त बौद्ध सम्प्रदायको मतविभन्नतालाई निराकरण गरी विभज्जवादीको रूपमा निर्णित समीकरण दिइएको छ । यस ग्रन्थमा ५०० वटा आफ्ना मत र ५०० वटा परमतका गरी जम्मा १००० सूत्रहरू संकलित छन् ।

६. **यमक** - यमकको अर्थ युगल हो । यमकलाई अभिधर्मको शब्दकोष पनि भनिन्छ । यसमा प्रश्नोत्तरको रूपमा धर्मलाई प्रस्तुत गरिराखेको छ ।

७. **पट्ठान** - यो पट्ठान अभिधर्म पिटकको ग्रन्थहरूमध्ये गम्भीर एवं विशाल ग्रन्थ हो । यसमा प्रतीत्यसमुत्पादको व्याख्यान भएझैं २४ वटा प्रत्ययको विस्तृत व्याख्यान पनि पाइन्छ । २४ वटा प्रत्ययहरू हुन् - हेतुपच्चय, आरम्मणपच्चय, अधिपति पच्चय, अनन्तरपच्चय, समन्तरपच्चय, सहजातपच्चय, अञ्ञमञ्ञपच्चय, निस्सयपच्चय, उपनिस्समयपच्चय, पुरेजातपच्चय, पच्छाजातपच्चय, आसेवनपच्चय, कम्मपच्चय, विपाकपच्चय, आहारपच्चय, इन्द्रियपच्चय, झानपच्चय, मग्गपच्चय, सम्पयुत्तपच्चय, विप्पयुत्तपच्चय अत्थिपच्चय, नत्थिपच्चय, विगतपच्चय, अविगतपच्चय ।

यी ७ वटा ग्रन्थहरूमा यद्यपि अनेक गम्भीर दार्शनिक तत्वहरूको विवेचना गरिराखेको भए तापनि संक्षिप्तमा चित्त, चेतसिक, रूप र निर्वाण यी ४ वटा परमार्थ धर्महरू नै मुख्य हुन् ।

## त्रिपिटक ग्रन्थ प्रकाशन

पालि तिपिटक विभिन्न लिपिमा जस्तै - सिंहली, म्रम (बर्मेली), थाई, कम्वोजी, रोमन तथा देवनागरी आदिमा उपलब्ध छन् । देवनागरी लिपिमा त्रिपिटक प्रकाशन सबभन्दा पहिले भारतको नालन्दाबाट गरिएको थियो । श्रीलंका, बर्मा, थाईलैण्ड, कम्वोडिया, बेलायत, भारतमा आ-आफ्नो भाषामा त्रिपिटकको अनुवाद भइसकेका छन् । पालि टेक्स सोसाइटीले १०० वर्ष पहिल्यै त्रिपिटकको अंग्रेजी अनुवाद विश्वमा प्रचार गरिसकेको छ ।

नालन्दा महाविहारबाट प्रकाशित पालि त्रिपिटकका पुस्तकहरू यस प्रकारका छन् - दीघनिकाय ३ भागमा, मज्झिमनिकाय ३ भागमा, संयुक्तनिकाय ४ भागमा, अंगुत्तर निकाय ४ भागमा, खुद्दकनिकाय ९ भागमा, विनयपिटक ५ भागमा, अभिधम्म पिटक १३ भागमा गरी जम्मा ४१ वटा ग्रन्थहरू छ । हालै विपश्यना विशोधन विन्यास इगत-पुरीबाट बर्मामा भएको छट्ठम संगायनको आधारमा पालि त्रिपिटक, अट्ठकथा, टीका अनुटीका देवनागरी लिपिमा सम्पादित करिव १४० वटा ग्रन्थहरूमा प्रकाशन हुँदै गरेको कार्य प्रशंसनीय छ । यहि संस्थाद्वारा सारा त्रिपिटक कम्प्यु-टराइज गरिएको CD-ROM मा देवनागरी, रोमन, बर्मी आदि लिपिमा प्रकाशन भएपछि त्रिपिटक सारा सूचना पाउन सजिलो हुने भएको छ । साथै थाइलैण्डको महामुकुट विश्व



Downloaded from http://www.dhamma.digital

विद्यालयबाट बु.सं. २५२५ मा प्रकाशित त्रिपिटकलाई आधार मानी बु.सं. २५३१-३२ मा कम्प्यूटराईज गरिएको Bud Sir (Buddhist Scripture Information Retreval) निकालेबाट त्रिपिटक सम्बन्धी सूचना तुरुन्तातुरुन्तै पाउन झनै सजिलो भएको छ।

त्रिपिटक ग्रन्थमध्ये सुत्तपिटकका ग्रन्थहरू नेपालमा पनि प्रकाशित हुँदै आएको छ। दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, खुद्दकनिकाय अन्तर्गतको इतिवुत्तक र त्रिपिटकेतर ग्रन्थ मिलिन्द-प्रश्नको अनुवाद र प्रकाशन श्री दुण्डबहादुर वज्राचार्यबाट नेपाल भाषामा भएका छन्। आज वहाँबाटै नेपाली भाषामा पनि दीघनिकाय अनुवाद र प्रकाशन हुँदैछ। यो हाम्रो लागि खुशीको कुरो हो। यसरी वहाँबाट एक चौथाइभन्दा बढी त्रिपिटकहरूका ग्रन्थहरू अनुवाद भएका छन्। यस्तो महत्वपूर्ण त्रिपिटकको प्रथम ग्रन्थ 'दीघनिकाय' बुद्धको जन्मभूमिमा निस्कनु नेपालकै इतिहासमा 'दीघनिकाय' जस्ता अंग्रेजी अनुवाद भएको झण्डै एक सय वर्षपछि पहिलोपल्ट बल्ल आज नेपालीमा निस्कनु ढिल्लै भए पनि अपार पुण्यको कामको थालनी अनुवादकबाट भएकोमा नेपाली मात्रको लागि गौरवको कुरा मान्नु पर्दछ। आवश्यकता बरू यसैको छ कि यस्ता ग्रन्थहरू एकपछि अर्को नेपालीमा निकाल्नु तपाई, हामी सबैबाट आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग हुनु पर्छ। सक्नेले जति सक्यो उति यस्तो धार्मिक ग्रन्थ किनेर, नि:शुल्क वितरण गरेर, प्रचार-प्रसार गरेर अथवा स्वयं आफ्नै तर्फबाट प्रकाशन गरेर यस्तो पवित्र कार्यमा सहभागी बन्नेमा यस्तो पुण्य कार्य अवश्य प्रशंसनीय हुने नै छ।

अंगुत्तरनिकाय नेपालभाषामा श्री धर्मरत्न शाक्यबाट अनुवाद भइसकेको छ - जुन प्रकाशनको प्रतीक्षामा रहेको छ। उनीबाटै अनुवाद भएको खुद्दकनिकाय अन्तर्गतको खुद्दकपाठ, उदान, सुत्तनिपात, चरियापिटकको नेपाल भाषामा प्रकाशित भइसकेको छ र उदानको नेपाली भाषामा पनि प्रकाशन भइसकेको छ।

**धम्मपद** आचार्य अमृतानन्द महास्थविरबाट नेपाल भाषा र नेपाली भाषामा अनुवाद र प्रकाशन उहिल्यै भएका थिए भने तामाङ्ग र थारु भाषामा पनि हालै प्रकाशित भइसकेका छन्।

**थेरगाथा** - भिक्षु बोधिसेनबाट नेपाली भाषामा दुई भागमा अनुदित र प्रकाशित भइसकेको छ।

**थेरीगाथा** - अनगारिका चन्द्रशीलाबाट नेपाल भाषामा अनुदित र प्रकाशित समेत भइसकेको छ।

**जातक** - आचार्य अमृतानन्दज्यूबाट चार भागमा जातक अट्ठकथासहित नेपाली भाषामा अनुवाद उहिल्यै प्रकाशन गरिएका थिए भने जातकको पूरा अनुवाद भएको छैन्।

**बुद्धवंस** - श्री भुवनलाल प्रधानबाट अनुवाद भइसकेको तर प्रकाशनको प्रतीक्षामा रहेको छ।

विमान वत्थु, पेतवत्थु, निद्देस, पटिसम्भिदामग्ग, अपदानको अनुवाद नेपाल भाषामा हुँदैछ।

अब केही समयपछि सुत्तपिटक अन्तर्गतका सम्पूर्ण ग्रन्थहरू छिट्टै नै नेपाल भाषामा अध्ययन गर्न पाइने भएको छ। यो कम खुशीको कुरो होइन। बुद्धको जन्मभूमिमा बुद्धको उपदेशबाट भरमग्दुर लाभ उठाउन हामी नेपाली पछाडि पर्नु भएन। अत: हामी सबै मिली त्रिपिटकको अध्ययन, अध्यापन संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा अघि बढ्न सकौं भनी कामनासहित 'त्रिपिटक : एक चिनारी' यहीं टुंग्याउँछु। ■

## बौद्ध युवा कमिटीको तर्फबाट भिक्षाटन तथा प्रवचन कार्यक्रम

युवाहरूको तर्फबाट संचालित बौद्ध युवा कमिटी झटापोल, ललितपुरको आयोजनामा मासिक धर्मदेशना कार्यक्रम संचालन भइरहेको छ। यही क्रममा २०५६ फागुन महिनामा संचालित कार्यक्रम यसरी रहेको छ।

### भिक्षाटन तथा प्रवचन कार्यक्रम

१. २०५६ फागुन २१ गते काठमाडौंबाट पोखरा प्रस्थान
२. २०५६ फागुन २२ गते पोखरा भ्रमण
३. २०५६ फागुन २३ गते बिहान ८ बजे भिक्षाटन तथा साँझ ६ बजे प्रवचन कार्यक्रम
४. २०५६ फागुन २३ गते राती पोखराबाट तानसेन प्रस्थान
५. २०५६ फागुन २४ गते विहान ८ बजे भिक्षाटन तथा १२ बजे पछि तानसेन भ्रमण
६. २०५६ फागुन २४ गते राती तानसेनबाट बुटवल प्रस्थान
७. २०५६ फागुन २५ गते बिहान ८ बजे भिक्षाटन तथा १२ बजे पछि बुटवलबाट लुम्बिनी
८. २०५६ फागुन २५ गते बेलुकी ९ बजे काठमाडौं फर्किने।

## बुद्ध आयु संस्कार परित्याग दिवस

२०५६ फागुन ७ गते। बुद्धको आयु संस्कार परित्याग दिवस (२५४४ औं पटकको) नगदेश बौद्ध समूह र धर्मोदय सभा मध्यपुर नगदेश शाखाको संयुक्त आयोजनामा नगदेश बौद्ध विहारमा विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको समाचार छ।

त्यस्तै आयु संस्कार परित्याग दिवस समारोह समिति नयाँ सडक, काठमाडौंको आयोजनामा काठमाडौंमा पनि बुद्ध प्रतिमा सहितको शोभायात्रा गरी २५४४ औं आयु संस्कार पत्यिाग दिवस समारोह सम्पन्न गरिएको समाचार प्राप्त भएको छ।

उक्त शोभायात्रा सम्पन्न गर्न ४२ सदस्यीय समारोह समिति गठन गरिएको थियो। उक्त समितिमा न्हुच्छेरत्न शाक्य अध्यक्ष तथा संयोजक अञ्जान शाक्य हुनुहुन्थ्यो। यस्तै सल्लाहकारहरूमा काठमाडौं क्षेत्र नं ४,५,६ र ७ का सांसदहरू रहनुभएको थियो।



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-१६

- *भिक्षु ज. काश्यप*
- *भिक्षु धर्मरक्षित*
- *अनु. वीर्यवती*

## द्वितीय भाग
## अनाथपिण्डिक वर्ग

[१. **चन्दिमस सुत्त** (२.२.१) **ध्यानी पार लाग्दछ**]
श्रावस्तीमा ।

चन्दिमस देवपुत्र रात बितिसकेपछि ... ... जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आयो र भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए । अलग्ग एक स्थानमा उभिएर चन्दिमस देवपुत्रले भगवान् बुद्ध समक्ष यो गाथा प्रकट गरे –

लामखुट्टे नभएको अथवा हिलो नभएको ठाउँमा रहने पशुहरू जस्तै, जसले एकाग्र भई ध्यान प्राप्त गरी प्रज्ञावान् र स्मृतिवान् भइरहन्छ, उसले नै कल्याणलाई प्राप्त गर्नेछ ॥

जसले अप्रमत्त र क्लेश त्यागी भई ध्यानलाई प्राप्त गर्दछ, उसले जाल काटी मुक्त हुने माछाले जस्तै (आफूले आफैलाई) पार लगाउन सक्नेछ ।

[२. **वेण्हु सुत्त** (२.२.२.) **ध्यानी व्यक्ति मृत्युको वसमा जाँदैन**]

अलग्ग एक स्थानमा उभिरहेका वेण्हु विष्णु देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गर्न थाल्यो-

जसले बुद्धको उपासना गरी (उहाँको) गौतम बुद्धको शासनमा रहन्छ र अप्रमत्त भई बुद्ध शिक्षा ग्रहण गर्दछ, त्यही व्यक्ति सुखी हुनेछ ।

भगवान् बुद्ध भन्नुहुन्छ-

हे वेण्हु ! जसले (जुन ध्यानी व्यक्तिले) मैले सिकाएको शिक्षा पालन गर्दछ,

यथोचितकालमा अप्रमादी बनी उ मृत्युको वसमा नजाने (व्यक्ति) हुनेछ ॥

[३. **दीघलट्ठि सुत्त** (२.२.३) **भिक्षु अनुशासन**]
मैले यसरी सुनें ।

एक समय भगवान् बुद्ध राजगृहको वेलुवन कलन्दक निवापमा रहनुभएको थियो । तब दीर्घयष्टि देवपुत्र रात बितिसकेपछि जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आयो र भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए । अलग्ग एक स्थानमा उभिएर दीर्घयष्टि देवपुत्रले भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

यदि ध्यानी भिक्षु, विमुक्त चित्त सहितको छ र उसको मनको भित्री इच्छा (अर्हत् फल) प्राप्त गर्ने रहन्छ,

तब संसारको उत्पन्न हुने र नष्ट हुने (स्वभाव) लाई जानी,

पवित्र मन लिई, अनाशक्त हुने उसको गुण हुनेछ ।

[४. **नन्दन सुत्त** (२.२.४) **शीलवान् को हो ?**]

अलग्ग एक स्थानमा उभिएका नन्दन देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

हे गौतम ! तपाई महाज्ञानी समक्ष मैले प्रश्न गर्दैछु,

भगवान् बुद्धको ज्ञान दर्शन खुल्ला छ; कस्तो व्यक्तिलाई (मानिसहरूले) शीलवान् भन्छन् ?

कस्तो व्यक्तिलाई (मानिसहरूले) प्रज्ञावान् भन्छन् ?

कस्तो व्यक्ति दु:खबाट टाढा रहन्छन् ?

कस्तो व्यक्तिलाई देवताहरूले पनि पूजा गर्छन् ?

भगवान् बुद्ध-

जो (व्यक्ति) शीलवान्, प्रज्ञावान्, भावितात्म समाहित, ध्यानरत, स्मृतिवान्, क्षीणाश्रव, अन्तिम देहधारी सबै शोक नाश गरिसकेको हुन्छ ॥

त्यही (व्यक्ति) लाई शीलवान भनिन्छ,
त्यही (व्यक्ति) लाई प्रज्ञावान् भनिन्छ,
त्यही (ब्यक्ति) लाई दु:खबाट पार लागेको व्यक्ति भनिन्छ,
त्यही (ब्यक्ति) लाई देवताहरूले पूजा पनि गर्छन् ॥

[५. **चन्दन सुत्त** (२.२.५) **को डुब्दैन ?**]

अलग्ग एक स्थानमा उभिएको चन्दन देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गऱ्यो-

रातदिन होश राखी (अप्रमादी भई)
कसले बाढीलाई पार गर्छ ?
अप्रतिष्ठित र अनालम्ब भई
गहीरो (जल) मा को डुब्दैन ?

भगवान् बुद्ध-

जो सधैं शील सम्पन्न रहन्छ,
प्रज्ञावान् भई एकाग्र चित्त सहितको भई
उत्साहशील तथा संयमी बन्ने (व्यक्ति) ले दुस्तर बाढीलाई पार गर्दछ ॥

जो काम संज्ञाबाट विरत रहन्छ, (जसले) रूप संयोजनलाई (बन्धनलाई) पार गर्छ, (जसले) संसारको (पञ्चकाम सुखको) स्वाद लिंदैन, तथा जसले इच्छालाई नाश गरिसकेको हुन्छ, त्यही (ब्यक्ति गहिरो जलमा डुब्दैन ।

[६. **वासुदत्त सुत्त** (२.२.६) **कामुकताको नाश गर्ने**]

अलग्ग एक स्थानमा उभिएर सुदत्त देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

जसरी भालाले घोचिन्छ या (जसरी) टाउकोमा आगलागी भएको हुन्छ, त्यसरी नै भोग विलासको ईच्छालाई नाश गर्नको लागि भिक्षुहरूले स्मृतिवान् भई (होशियारी भई) विचरण गर्नुपर्छ ॥



Downloaded from http://www.dhamma.digital

**[७. सुब्रह्म सुत्त (२.२.७) चित्तको हडबडाहटलाई कसरी हटाउने ?]**

अलग्ग एक स्थानमा उभिरहेको सुब्रह्म देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

यो चित्त सधैं हडबडाइरहन्छ, मन सधैं उद्वेगले भरिरहन्छ, पछि आउने कामहरूको विषयमा बिचार गर्ने बेला र आइसकेको कामलाई कार्यान्वयन गर्ने बेलामा ॥

मैले जुन कुरा सोध्न चाहेको छु, त्यस विषयमा तपाईले बताउनुस् कि, कुनै यस्तो उपाय छ, जसले (जुन उपाय पालन गर्नाले) चित्त हडबडाउँदैन ॥

भगवान् बुद्ध-

बोध्यङ्गलाई अभ्यास गरी
इन्द्रिय संयम गरी
तथा सबै सांसारिक बन्धनबाट

विरक्त हुनु बाहेक मैले अरू कुनै प्रकारको उपाय देख्दिन जसले प्राणीहरूको कल्याण गर्दछ ॥

(यति सुनेर)

सुब्रह्म देवपुत्र त्यहिंबाट अन्तर्ध्यान भए ।

**[८. ककुध सुत्त (२.२.८) भिक्षुलाई आनन्द र चिन्ता हुन्दैन]**

एक समय भगवान् बुद्ध साकेतको अञ्जनवन मृगदावनमा रहनु भएको थियो ।

तब, ककुध देवपुत्र ... ... जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आए । भगवान् बुद्धलाई वन्दना गरी अलग्ग एक स्थानमा उभिएर ककुध देवपुत्रले भगवान् बुद्धलाई यो कुरो भने-

भन्ते ! (तपाईंलाई) आनन्द त छ होइन ?

(किन) के भएकोले आवुसो ?

भन्ते ! त्यसो भए तपाईले के कस्तो चिन्ता लिइरहनु भएको छ त ?

किन मेरो के बिग्रिएको छ र आवुसो ?

भन्ते ! तव के तपाई आनन्दित पनि हुनुहुन्न र चिन्तित पनि हुनुहुन्न कि कसो ? (हो) आवुसो ! यस्तै हो ।

[ककुध देवपुत्र] -

भन्ते न तपाईं चिन्तित हुनुहुन्छ,
न त तपाईंलाई आनन्द नै छ,
एक्लै बसिरहनु भएको तपाईंको
मनमा नरमाइलो लाग्दैन ?

[भगवान् बुद्ध] -

हे यक्ष ! न त म चिन्तित नै छु,
न त मलाई आनन्द नै छ,
एक्लै बसिरहे पनि मेरो मनमा नरमाइलो लाग्दैन ॥

[ककुध देवपुत्र] -

भन्ते ! तपाईंलाई चिन्ता किन हुँदैन ?
तपाईंलाई आनन्द पनि किन हुँदैन ?
एक्लै बसिरहनु भएको तपाईंको
मनमा नरमाइलो किन हुँदैन ?

[भगवान् बुद्ध] -

चिन्तित पुरूषलाई नै आनन्द हुन्छ,
आनन्दित पुरूषलाई नै चिन्ताले सताउँछ

(परन्तु) भिक्षुलाई न चिन्ताले सताउँछ, न त आनन्द नै अनुभव हुन्छ,

आवुस ! यसलाई (तिमीले) यसरी नै सम्झनु ॥

[ककुध देवपुत्र] -

धेरै दिनपछि मैले यो देखिरहेको छु, मुक्त भइसकेको ब्राह्मणलाई,

जुन भिक्षुलाई न चिन्ता हुन्छ न आनन्द नै, जसले यस भवसागरलाई पार गरिसकेको हुन्छ ॥

**[९. उत्तर सुत्त (२.२.९) सांसारिक भोगलाई त्याग]**

राजगृहमा ।

अलग्ग एक स्थानमा उभिरहेको उत्तर देवपुत्रले भगवान् बुद्ध समक्ष गई यस गाथा प्रस्तुत– गरे जीवन बितिरहेको छ, आयु कम छ, बृद्धावस्थाबाट बच्ने कुनै उपाय छैन, मृत्युको यस्तो भय देखेर सुख प्राप्त हुने कर्म गर्नुपर्दछ ॥

[भगवान् बुद्ध] -

जीवन बितिरहेको छ, आयु कम छ, बृद्धावस्थाबाट बच्ने कुनै उपाय छैन, मृत्युको यो भय देखेर, सांसारिक भोगलाई त्यागेर निर्वाणको खोजीमा लाग्नु ॥

**[१०. अनाथपिण्डिक सुत्त (२.२.१०) जेतवन]**

अलग्ग एक स्थानमा उभिरहेको अनाथपिण्डिक देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

यही त्यस जेतवन हो,

(जुन स्थान) ऋषिहरूले सेवन गरेको
जहाँ, धर्मराज (बुद्ध) बस्नु हुन्छ,
(यस स्थानप्रति) मेरो मनमा धेरै श्रद्धा
उत्पन्न भइरहेको छ ॥
कर्म विद्या र धर्म
शील पालन गर्नु र उत्तम जीवन,
यसैले मनुष्य जीवन शुद्ध हुनेछ,
न त गोत्र र न त धनले नै शुद्ध हुनेछ ॥
यसैले पण्डित पुरुषले
आफ्नो भलाईको खातिर
राम्ररी बुझी धर्म कमाउनु पर्छ,
यसरी नै उ विशुद्ध हुनेछ ॥
सारीपुत्र जस्तै प्रज्ञाले
शीलले र चित्त शान्तिले
जो भिक्षु पारङ्गत हुन्छ,
यही (भिक्षु)ले परम पद, पद प्रांप्त गरेको हुन्छ ॥
अनाथपिण्डिक देवपुत्रले यति भने ।
यति भनेर भगवान् बुद्धलाई अभिवादन र
प्रदक्षिणा गरेर त्यहिं अर्न्तध्यान भए ।



Downloaded from http://www.dhamma.digital

तब त्यस रात बितिसकेपछि
भगवान् बुद्धले भिक्षुहरूलाई आमन्त्रण गरी
भन्नुभयो-
भिक्षुहरू ! आजको रातमा ... ... ...
त्यस देवपुत्र मेरो समक्ष आई यस
गाथा प्रस्तुत गरे
यही त्यस जेतवन हो ... ... ...
यही परम पद प्राप्त गर्नु हो ॥
... यति भनी मलाई अभिवादन र प्रदक्षिणा
गरी (त्यस देवता) त्यहिं अन्तर्ध्यान भए ।

यति भन्नुभए पछि आयुष्मान आनन्दले भगवान् बुद्धलाई भने- "भन्ते ! त्यही
अनाथपिण्डिक (पछि) देवपुत्र भए ?
अनाथपिण्डिक गृहपति आयुष्मान सारीपुत्र प्रति
धेरै श्रद्धालु थिए ।
ठीक भन्यौ आनन्द । (तिमीले) जुन तर्कबाट
बुझ्न सक्छौ त्यसलाई तिमीले बुझ्यौ ।
आनन्द ! अनाथपिण्डक नै (पछि)
देवपुत्र भएको हो ।

अनाथपिण्डिक वर्ग समाप्त

---

## बुद्धकालीन सँस्कृति र परिस्थिति

लेखक - **भिक्षु अश्वघोष**

प्रकाशक - **दुर्गादास रंजित**

पृष्ठ - ९६

निःशुल्क वितरण

**"बुद्धकालीन सँस्कृति र परिस्थिति"** पुस्तक पाठक वर्गले अध्ययन नगरेसम्म यस पुस्तक बुद्धको समयमा प्रचलित रीतिरिवाज र सामाजिक चालचलन विषयमा लेखिएको पुस्तक भनेर ठान्नु स्वभाविक नै हो । किनभने आजभोली सँस्कृति शब्दले समाजको रीतिथिति र चाडपर्वहरूलाई बुझाउने गर्छ ।

तर यस पुस्तकमा बुद्धकालीन सँस्कृतिले बुद्धले सिकाउनु भएका (सदाचार बन्ने, चरित्र शुद्ध गर्ने, सभ्य नागरिक बनी आचरण शुद्ध गर्ने र इमान्दार बन्ने आदि) आत्म शुद्धिका ज्ञानहरूलाई जनाइएको छ ।

यस पुस्तक पाठकवर्ग समक्ष प्रस्तुत गरी बुद्धको तथ्य ज्ञानलाई प्रचार गर्न सक्नुको प्रमुख श्रेय यस पुस्तकका प्रकाशक श्री दुर्गादास रंजितलाई जान्छ । किनभने उहाँ एक राजनैतिक कार्यकर्ता भएर पनि सामाजिक र धार्मिक क्षेत्रमा रुची राख्ने एक कर्मठ बौद्ध उपासक हुनुहुन्छ । संसारको स्वभाव धर्म अनित्यलाई जानी एल्दिन मर्नुपर्छ भन्ने भावनामा ब्यस्त रहनु भएका उहाँले आफ्नो बाकी जीवन लोकोपकारक काम गर्ने, गरीवहरूको सेवा गर्ने र देश विकास गर्न काम लाग्ने शिक्षा प्रचार गर्ने हेतुले भिक्षु अश्वघोषद्वारा लिखित बुद्ध शिक्षामा आधारित ४ वटा पुस्तकहरू प्रकाशन गरिसक्नु भएको छ । जुन यसरी छन् ।

१. बुद्धको विचारधारा २. आर्य सँस्कृति ३. बुद्धकालीन प्रजातन्त्र र समाजबाद ४. बुद्धकालीन सँस्कृति र परिस्थिति ।

यी पुस्तकहरू छापी उहाँले देशब्यापी प्रचार गर्ने जिम्मा लिनु भएको छ । यसरी बुद्ध शिक्षा सम्बन्धि प्रयाप्त मात्रा पुस्तकको अभाव भएको नेपालमा राष्ट्रब्यापी स्तरमा बुद्ध शिक्षा प्रचार गर्ने अठोट लिनु हुने प्रकाशक श्री दुर्गादास रंजितको उदारवादी विचार सराहनीय छ । - मैत्री

## मानवमय ज्ञान

लेखिका - **माधवी गुरुमां**

प्रकाशक - **श्रीमती वेदकुमारी शाक्य, श्रीमती रमिला शाक्य र श्रीमती बिना शाक्य**

पृष्ठ - ९५

"मानवमय ज्ञान" पुस्तक नाम अनुसारको काम दिने र सच्चा नागरिक बन्नको लागि उपयोगी हुने शिक्षाप्रद पुस्तक भएको महशूस गरें ।

आजको समाजलाई नैतिक शिक्षाको खाँचो रहेको छ । स्कुल र क्याम्पसको शिक्षाको भरमा मात्र मानिसको नैतिक शिक्षामा प्रगति आएको देखिदैन । वरु जताततै स्वार्थी भावना, एक अर्काप्रति असन्तोष, कलह, मारकाट, आत्महत्या र अशान्ती जस्ता विकृतीहरू फैलिएको देखिन्छ ।

त्यसैले समाजका यी विकृतीहरूलाई हटाउन वालककाल देखि नैतिक शिक्षाको जग बसाल्न आवश्यक ठानी यशोधरा बिद्यालयका प्रधान अध्यापिका माधवी गुरुमांले नैतिक शिक्षाले भरेको यस पुस्तक लेखी स्कुलको पाठ्यक्रममा राख्ने बिचार गरेको रहेछ । लेखिकाको यस मनसाय स्वागत योग्य छ । आशा छ, यस पुस्तकले बिद्यार्थीहरूको चरित्र सुधारी सच्चा नागरिक बन्न सहयोग गर्नेछ । - करूणा

## बुद्धको शिक्षात्मक उपदेश

पृष्ठ - १२०

लेखक - **डा. भिक्षु बलपोल राहुल**

अनुवादिका - **विजय लक्ष्मी शाक्य**

निःशुल्क वितरण, दाता - **पूर्णकुमारी शाक्य, परिवार**

"बुद्धको शिक्षात्मक उपदेश" अंग्रेजी भाषामा लेखिएको अति लोकप्रिय पुस्तक हो । त्यसैले विभिन्न भाषामा यस पुस्तक अनुवाद भइसकेको छ । विजय लक्ष्मी शाक्यले यसलाई नेपाली भाषामा अनुवाद गर्नु भएको छ ।

धार्मिक शिक्षा बारे अन्वेषण गर्न चाहनुहुने बुद्धिजीवी वर्गहरूले यस पुस्तक अध्ययन गर्न योग्य छ । बुद्धले अनुसन्धान गरी पत्ता लगाउनु भएका आध्यात्मिक ज्ञान गुणका अमूल्य धनहरू यसमा गाभिएका छन् । ज्ञानले भरिएको यस पुस्तक अध्ययन गरी पाठक वर्गहरूले बुद्ध शिक्षालाई आफ्नो जीवनमा प्रयोग गरी आफूलाई सुखी, निर्दोष र मुक्त बनाउन सफल भएमा लेखक र अनुवादिका दुबैको मेहनत सफल हुनेछ । - मुदिता



Downloaded from http://www.dhamma.digital

# द्वेष र ईर्ष्याको परिणाम

✍ भिक्षु अश्वघोष

यसभन्दा पहिले लोभ र ईर्ष्याको बशमा परी विश्वासघाटी बनेकाहरूको बारेमा लेखिसकें। अब द्वेष र ईर्ष्याले गर्दा मानिसले कस्ता ठूलठूला पापकर्म गर्दा रहेछन् त्यसबारे केही लेख्छु । त्यस्तो मानिसलाई बौद्ध वाङ्मयले द्वेष र ईर्ष्याको बशमा परेको व्यक्ति भन्छ । किनकि उसको दृष्टि द्वेषले भरिएको छ, अनि कुनै व्यक्तिलाई सम्मान गरेको खण्डमा उसले चिन्तन गर्न थाल्छ कि त्यो मान्छे मेरो शत्रु हो त्यो मभन्दा माथि उठेको छ । उसलाई धेरै मानिसहरूले मान्न थाले भनी त्यस व्यक्तिको गुण र योग्यतालाई बिर्सि द्वेष र ईर्ष्याको आवेशमा परी अहित हुने खालको कुरा सोच्न थाल्छ । अनि गर्न नहुने पापकर्म पनि गर्न शुरु गर्छ ।

उदाहरणको लागि बुद्धकालीन एउटा घटना प्रस्तुत गर्छु । अंगुलिमालको जीवनी संस्मरण गरुँ । अंगुलिमालको पहिलेको नाउँ अहिंसक । नाम जस्तै उसको स्वभाव र काम पनि अहिंसक नै थियो । ऊ धेरै ज्ञानी र शान्त स्वभावको थियो । ऊ पढाइमा पनि दक्ष थियो साथै आज्ञाकारी र अनुशासित थियो । ऊ गुरुकुलमा पढ्दै थियो । गुरुको घरमा गर्नुपर्ने काम सबै आफैले विचार गरेर दिलैदेखि गर्ने बानी थियो उसको । त्यसैले ऊ गुरु र गुरु आमाको साह्रै प्यारो थियो । उनीहरू पनि अहिंसकलाई माया गर्थे । ऊ परीक्षामा पनि प्रथम श्रेणीमा उत्तीर्ण हुने गर्थ्यो । पुरस्कार पनि अहिंसकले मात्र प्राप्त गर्थ्यो । गुरु विद्यार्थीहरूलाई अर्ति दिंदा भन्ने गर्थे- 'तिमीहरूले अहिंसकले जस्तो मेहनत किन नगरेको ? किन अनुशासनहीन बनेको ? उत्साही किन बन्न नसकेको ?' आदि ।

अरु विद्यार्थीहरूमा सम्यक दृष्टिको कमी थियो । गुरुको अर्तिबाट शिक्षा लिनु पर्नेमा उल्टै रिस गरेर ईर्ष्याले अहिंसकलाई बिगार्ने नियतले विद्यार्थीहरू संगठित हुन पुगे । अनेक नचाहिने कपोलकल्पित आरोप लगाई अहिंसकको बारे गुरूलाई चुक्ली लगाउने गर्न थाले । तर गुरुले वास्तै गरेनन् । न सुने झैं गरे । एकदिन अहिंसकको कपाल दुख्यो । अनि गुरु आमाले उसको टाउको आफ्नो काखमा राखी केही औषधि दलिदिइन् । यो दृष्य देखी ईर्ष्यालु साथीहरूले गुरुकहाँ गएर अहिंसक र गुरुआमाबीच प्रेम सम्बन्ध भएको चुक्ली लगाउन थाले । यसपाली चाहिं गुरुको विवेकबुद्धि खस्कन लाग्यो र सम्यकदृष्टि हराएर गयो । गुरुले अंगुलीमालप्रति अहित सोच्न थाले । गुरुले अहिंसकलाई बोलाई भने- तिमी विद्या पारंगत भयौ । अब मलाई गुरुपूजार्थ मानिसहरूको अंगुली काटेर माला बनाई मेरो पूजा गर । गुरुको बिचार थियो– मानिसको अंगुली काट्न जाँदा उसलाई अरुले मारिदिन्छन् । तर भयो उल्टो । अहिंसक पनि गुरु भक्तिमा अन्ध किसिमले परिणत भयो । ऊ अति बलियो ज्यानमारा बन्यो । गुरुले नै उसलाई त्यस्तो शिक्षा दिनुभएको थियो । यो भयो बुद्धकालीन घटना द्वेष र ईर्ष्याको कारण ठूलो पाप गर्न पुगिन्छ भन्ने । लोभ र मोहभन्दा क्रोध र द्वेष धेरै खतरनाक छ । लोभ र मोहबाट मुक्त हुन सजिलो छैन तर क्रोधबाट मुक्त हुन सकिन्छ । तै पनि क्रोधको आँखा, विवेक, बुद्धि र होश हुँदैन भनी भगवान् बुद्धले भन्नुभएको थियो ।

भगवान् बुद्धको कीर्ति खूब प्रचार हुन थाल्यो । ब्राह्मण वर्ग पनि बुद्धको अनुयायी हुन पुगे । खूब सत्कार पनि बढ्यो । अनि अबौद्धहरूमा ईर्ष्या र जलन तथा डाहा हुन थाल्यो । सहनशीलताको नामोनिशान रहेन । उनीहरूमा के गरेर बुद्धको बदनाम गरुँ भन्ने विचार आउन थाल्यो । द्वेष र क्रोधको बसमा परेर, षड्यन्त्रको योजना बनाउन थाले । जेतवन विहार जहाँ गौतम बुद्ध बस्नुहुन्थ्यो । त्यसको नजिकैको जग्गा किनेर अबौद्धहरूको विहार बनाउन खोजे । जग्गा किन्नको लागि कोशल राजाकहाँ गएर कुरा पनि गरे । राजाबाट चार पाँच दिनपछि मात्र जवाफ दिने हुकुम भयो । कोशल राजा बुद्धकहाँ गई तीर्थंकरहरूले जग्गा किन्न आए के गरुँ ? दिउँ कि न दिउँ ? भनी सोधे ।

भगवान् बुद्धले स्पष्ट रुपमा भन्नुभयो - तिनीहरू राम्रो नियतले जग्गा किन्न आएका होइनन् । जग्गा दिए राम्रो हुँदैन । राजाले जग्गा नदिने निर्णय गर्नुभयो । तर तीर्थंकरहरूले पाँच हजार असर्फी (सुनको सिक्का) किस्तिमा राखी चढाए । त्यो घूसले राजामा लोभ जागेर आयो र बुद्धले भन्नुभएको कुरा बिर्से । फलस्वरूप त्यहाँ बासस्थान बनाई बुद्धको विरुद्ध षड्यन्त्र गर्ने काम शुरु भयो ।

मैले जापानमा बुद्धिष्ट बाइबल नामक एउटा पुस्तक पाएँ । त्यो पुस्तक पढ्दै जाँदा त्यसमा दुईटा घटना नैतिक कथाको रुपमा पाएँ ।

**सर्पको पुच्छर र टाउकाको झगडा–**

एउटा सर्प बाटोमा हिंडिरहेको बेला पुच्छरले भन्यो- टाउको तिमी मात्र सधैं अगाडि अगाडि हिंड्छौ । म सधैं तिम्रो पछि पछि पर्छु । मलाई पनि अगाडि जान देउ न । टाउकोले भनेछ- के कुरा गर्छौ ? पुच्छर कहिले पनि अगाडि जान सक्दैन । पुच्छरले फेरि भनेछ- तिमी मात्र राम्रो खान्छौ, म खान पाउँदिन ।



Downloaded from http://www.dhamma.digital

तर म जहाँ जान्छु तिमी पनि त्यहाँ पुग्छौ टाउकोले भनेछ- तिमी अगाडि जाने कुरा नगर । यस्तो इच्छा गरे अनर्थ हुन्छ । तर पुच्छरले कुरा बुझेन ।

पुच्छरले भन्यो- सधैं तिमी मात्र अगाडि गएको मलाई मन पर्दैन । अब म जान तयार छैन । यति भनी पुच्छर एउटा रुखमा बेरिन थाल्यो । टाउकोले तान्न कोशिस गऱ्यो । परिणाम सर्प दुई टुक्रा भयो । यसरी क्रोध र ईर्ष्याको कारण दुवैको अहित भयो ।

अर्को कथा छ, दुईटा टाउको भएको चराको । चरा फलको रस चुस्न रुखमा बस्यो । एउटा टाउकोले राम्रो राम्रो फल खान शुरु गऱ्यो । अर्को टाउकोले खान पाएन । उसले अर्को टाउकोलाई भन्यो- म जुन फल खान्छु तिमीले पनि खाए भइहाल्छ नि । तिम्रो पनि भाग हुन्छ । नचाहिने कुरा नगर । तर ईर्ष्यालु टाउको मान्न तयार भएन । उसले विष भएको फल खान शुरु गऱ्यो । परिणाम दुवैको अहित हुन गयो । क्रोधको बशमा परे यस्तो अनर्थ हुन्छ ।

हामी अखबारमा पढ्छौं- लोग्ने घरमा आउनासाथ चिया बनाएर दिइनन् भनेर स्वास्नीको हत्या गरेको । कस्तो क्रोध यो ?

एक अर्को घटना- लोग्नेले राति सुत्नलाई स्वास्नीलाई बोलायो । स्वास्नी सुत्न मानिनन् । भोलिपल्ट हँसियाले स्वास्नीको टाउको काटिदियो क्रोधको बशमा परेर भयानक पापकर्म र अपराध गर्न पछि पर्दैन मानिस । लोभ र मोहभन्दा क्रोध खतरनाक भनी बुद्धले भन्नुभएको कुरा सही सावित हुंन गयो । जोशमा होश गुम्यो भने क्रोध उब्जन्छ । अनि आफ्नो उद्देश्य र लक्ष्य बिर्सन पुग्छ । शान्तिको सट्टा अशान्ति हुन जान्छ । बदला लिने भावना क्रोध र ईर्ष्याका चमत्कार हो । रक्सी धेरै खाने गरेमा पनि क्रोध जागेर आउँछ । अनि आँखा बन्द हुन्छ र राक्षस बन्न पुग्छ मान्छे क्रोधले गर्दा । यो क्रोध राजादेखि भिक्षुसम्म उठ्ने गर्छ होश नहुँदा ।

■

"कुलो खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लैजान्छ, बाणकारकले आफूलाई चाहिए बमोजिम् बाण बनाउँछ, सिकर्मीले आफूलाई चाहिए बमोजिम काठ तयार गर्छ र त्यस्तै धर्मनिरत व्यक्तिले आफूलाई दमन गर्दछ ।" - धम्मपद

## ने. सं. ११२० शुभकामना

२०५६ कार्तिक २३ गते । स्थान- बोधिसत्त्व विहार चैनपुर । ने.सं. ११२० प्रारम्भ भएको शुभ उपलक्षमा नयाँ वर्षको शुभकामना मनाउँदै श्री चन्द्रज्योती शाक्य प्रमुख उपासक उपासिकाहरूको आयोजनामा नेवा दे दबू कार्यक्रम सम्पन्न गरिएको समाचार छ । श्री गंगा शाक्यको अध्यक्षतामा सम्पन्न गरिएको उक्त कार्यक्रममा बिहान प्रभात फेरी शुरु गरी नगर परिक्रमा गरिएको एक समूहले श्री बोधिसत्त्व विहारमा आमसभा गरिएको थियो ।

## परिचयात्मक गोष्ठी

२०५६ मंसिर ७ । स्थान- श्री बोधिसत्त्व विहार, चैनपुर । श्री चन्द्रज्योती शाक्य प्रमुख उपासको- पासिकाहरूको संयोजकत्वमा एक परिचयात्मक गोष्ठी सम्पन्न गरिएको समाचार छ । उक्त कार्यक्रममा विपश्यना ध्यानबारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो -

कार्यक्रमका प्रमुख अतिथी श्री शिवकुमार श्रेष्ठ, बौद्ध महिला अध्यक्ष सुमना देवी शाक्य, धर्मोदय सभाका अध्यक्ष गंगा शाक्य र प्रमोद शाक्य आदि ।

## गुणानुस्मरण

२०५६ फागुन ११ गते । स्थान- बुद्ध विहार भृकुटी मण्डप काठमाडौं । बुद्ध विहार, काठमाडौं र बौद्ध वृद्धाश्रम बनेपाका संस्थापक श्रद्धेय भिक्षु सुमंगल महास्थविर दिवंगत हुनु भएको वार्षिक पुण्य तिथीको उपलक्षमा उहाँको पुण्यस्मृतिमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ गरी गुणानुस्मरण पुण्य कार्य सुसम्पन्न गरिएको छ ।

आयोजक– बुद्ध विहार संरक्षक समिति ।

## यहाँ

✍ सरोज उदास, पोखरा-३

घृणित शक्ति ज्यादै प्रवल भयो यहाँ
प्रेम शक्ति ज्यादै क्षीण भयो यहाँ

मैत्री, करूणा, सेवा भाव भएन यहाँ
अकुशल कर्म ज्यादै बल्झ्यो यहाँ

कर्तव्यको कुनै ख्याल भएन यहाँ
सबै अधिकार मात्रै खोज्ने भयो यहाँ

यथार्थबादीहरू बिलिन हुँदै गए यहाँ
आदम्बरी र बाह्याचारीको उदय भयो यहाँ

तीर्थयात्राको मात्रै चाहाना भयो यहाँ
अन्तर्यात्राको त होस् नै भएन यहाँ

अन्धविश्वासमै बढी झुक्ने भयो यहाँ
अनुभवको त अभ्यास नै भएन यहाँ

कति चिल्लाए बुद्ध महापुरुषहरू यहाँ
आचरणत परै, चिन्तन मनन पनि भएन यहाँ



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन समाजया लोक-महोत्सव-छगु चर्चा-१

✍ **कृष्ण कुमार प्रजापति**, नागदेश, ख्वपः

प्राचीन युगंनिसें मनूतय्‌गु धार्मिक व सामाजिक जीवने थी थी लोक-उत्सवया तःधंगु मू दु। थी थी कथंया लोक-उत्सव उबलेया मनूतय्‌गु धार्मीक व सामाजिक जीवनय् यक्व यक्व हे प्रभाव लाना वयाच्वंगु दु। सभ्यताया विकास नं थी थी कथं जुया वया च्वंगु हे जुल। बौद्ध साहित्य- पालि पिटक व जैन सूत्रतपाखें भ्हीसं ध्वाथुइका काय्‌फुकि बुद्धकालीन समाजया मनूतय्‌सं यक्व हे धुमधाम नक्सां धार्मिक व लौकिक उत्सव याइगु जुया च्वन। जैन सूत्र कथंला उबलेया समाजे थी थी द्योपिं - ईन्द्र, रूद्र व मुकुण्डथें जापिं द्योतय्‌गु पूजा याय्‌गु उत्सव जुइगु जुलसा अथे हे यक्ष, नाग, स्तुप, देगः, सिमा, खुसी व सरोवरयात नं पूजा याय्‌गु कथंया उत्सवत नं जुयाच्वं। अज्यागु उत्सवत ज्वीबले विशिष्ट कथंया भोजन जुइसा थी थी कथंया नृत्य (प्याखँ), म्ये हाली, संगीत पिज्वय्‌किइगु जुया च्वन।

पालि साहित्ये अथे हे थी थी कथंया उत्सव हनेत छथाय् हे मुनिपिं जनसमूहयात "समज्ज" धाइगु धका न्ह्यःथना तःगु दुसा पाणिनिजुं थःगु ग्रन्थ "अष्टाध्यायी (३/३/९९) व भाष्य २।१५२ य् "सगजन्ति तस्यां समज्या" अर्थात् समज्जयात "समज्या" धका रूपान्तर याना छ्युगु जुल। 'समज्या' या अर्थ खः' यक्व यक्व जनसमूहत छथाय् हे मुनिगु व मुनेगु थाय्।" पालि साहित्ये- "चुल्लवग्गो" "गिरज्जसमज्ज" उत्सवया खँ न्ह्यथना तःगु दु। उगु उत्सव राजगृहले च्वंगु गृद्धकूट पर्वत अर्थात राजगिरी पर्वते हनिगु अतिकं लोकं ह्‌वागु उत्सवयात हे "गिरज्जसमज्ज" उत्सव धाइगु जुयाच्वन। थ्व उत्सव धार्मीक भावनां ओत प्रोत जुया हनिगु बिशिष्ठ उत्सव खः, नखः ख। थ्व धार्मीक उत्सवे उबलेया राज्यया उच्च पदाधिकारीपिं ब्वनिगु व वय्‌कःपिनिगु निम्ति बिशिष्ठ कथंया आसनया ब्यवस्था याइगु जूगुलिं थ्व उत्सवया थःगु हे बिस्कं मू व शोभा दइगु जुयाच्वन। सिगालोवाद-सुत्रे न्ह्यथना तः कथंला "समज्ज" ज्वीबले प्याखँ ल्हुइगु, म्ये हालिगु थी थी कथं बाजं थाइगु, इन्द्रजालया खेल क्यनिगु, खिपःले न्यासि वनिगु थें जाःगु क्यना। न्ह्याइपुकिगु जुया च्वन। जातके थुगुकथं "समज्ज" यात मनोरञ्जनया अर्थे छथाय् हे मुनिगु जनसमूह व मेला कथं छ्युला तःगु दु। "समज्ज' धैगु उत्सवया आयोजना अक्सर याना मङ्गल अवसर व मङ्गल उत्सव कथं याइगु जुयाच्वन। अझ स्पष्ट जुइक, अःपुक ध्वाथुइके कथं जातक बाखने "समज्ज" उत्सवयात "नक्खत" धका नं धाईगु जुयाच्वन। थुकिं भ्हीसं अनुमान याय्‌फु कि थ्व "समज्ज" उत्सव दिं, लग्न, साईत स्वया, ग्रह नक्षत्र बिचाः याना भिंगु दिं साईतय् याइगु उत्सव खः, नक्खत। सायद, भ्ही नेवाः तय्‌संनं धार्मीक व सामाजिक कथं हना वया च्वंगु थी थी "नखः" त नं थ्व हे "नक्खत" खँगवः (शब्द) यात हे छ्युला बुला याना "नखः" उत्सव धका धया वया च्वनागु हे ज्वीमाः।

अथे हे उबलेया मनूतय्‌सं "समाज" धैगु उत्सव नं न्यायका हना वया च्वंगु खँ अशोक महाराजया अभिलेखे "समाज" धैगु उत्सवया बारे न्ह्यथना तःगु दु। गुबलें गुबलें जुजुखलःपिंसं नं "समाज" उत्सव हनेगु याःसा अज्यागु उत्सवे मल्लयुद्ध याइगु, बाजा गाजा थाना, म्ये हाला, प्याखँ हुइकेगु नं याइगु जुयाच्वन। थज्यागु उत्सव जुइबले धनुर्वेद, किसियात ब्यायाम याकिगु, सल ब्वाकिगु, प्याखँ व संगीतया धैं धैं बःला कासानं याना जनतातयूत मनोरञ्जन बिया न्ह्याइपुस्से च्वंकिगु जुयाच्वन। थज्यागु उत्सवयात मेगु कथं "लौकिक" धया नं धाइगु जुयाच्वन। थ्व "लौकिक" उत्सवया तुलना चन्द्रगुप्त मौर्यया पाले अनया राजधानी दँय्‌दशकं जुइगु उत्सव नापं ज्वःला धका न्ह्यथना तःगु दु। चन्द्रगुप्त मौर्यया शासनकाले नं दँय्‌दशकं जुइगु उत्सवे भ्याँय् ल्वाकिगु, जंगली छाडा द्वहँ ल्वाकिगु किसि ल्वाकिगु, गैंडा ल्वाकिगु नापं रथ ब्वाकिगु याना न्ह्याइपुक उत्सव हनिगु जुयाच्वन। रथ सालिगु, ब्वाकिगु कासाय्‌नं विशेष याना "प्रयुक्त-रथ" कासा न्ह्याइपुस्से च्वं, थ्व रथे निम्ह द्वहँया दत्थुइ छम्ह सल तया ब्वाकिगु कासाया अतिकं न्ह्याइपुस्से च्वं धका उल्लेख बौद्ध विद्वान भाजु राधाकुमुद मुखर्जीजुं थःगु ग्रन्थ "अशोक" धैगु सफूया पृष्ठ नं १२९ से याना तःगु दु।

बौद्ध साहित्य-पालि निकायलय् न्ह्यथनातः कथं उबलेया मनूतय्‌सं हनिगु उत्सवत गुगुंला यक्वः दिंतक हना मेलाथें हे जुया च्वंसा थ्व मेलाय् थी थी कथंया कासा स्वय्‌गुया निम्ति यक्व, यक्व, ग्वाः ग्वाः मनूत मुना च्वनि। दिघनिकायलय् न्ह्यथना तःगु दु स्वकुमि भाजु मय्‌जुपिन्त न्ह्याइपुक क्यनेत थी थी कथंया प्याखँ, म्ये, बाजा गाजा, थी थी प्याखँया लीला, तालीथाना, न्ह्योने दुगु थलबल थाना, पुचः मुना म्ये हाला, नं गुलिं कय्‌का म्हितेगु कासा, पंयागु कासा, किसि ल्वाका, सल ल्वाका, थुमेय् ल्वाका, द्वहँ ल्वाका, दुगु ल्वाका, भ्याँय् ल्वाका, गोङ्ग ल्वाका, कथि संका ल्वाका म्हितिगु कासा, ल्हा संका ल्वाकीगु कुश्ती म्हिता मारपिट याना म्हितेगु कासा, सेनाया सिपाहीतय्‌सं लडाई (हताः) लय् म्हितिकथं कासा



Downloaded from http://www.dhamma.digital

क्यना न्ह्याइपुसे च्वंका त:न्हुतक मेलाथें जुइका उत्सव हनिगु जुयाच्वन । अज्यागु मेला पर्वय् उत्सवय् इन्द्र-जालया प्याखँ व कासानं न्ह्याइपुस्से च्वंका क्यनिगु जुया च्वनसा स्वकुमी भाजु मयजुपिनं प्वा त्यु त्युं न्हिलां न्हिलेमफयका न्हिला न्ह्याइपुक च्वनिगु जुल । अज्यागु उत्सवय् ग्यानापुस्से च्वंगु कासा तलवार व भाला संका म्हितिगु जुयाच्वन । स्वकुमि भाजु मयजुपिन्त छखें न्ह्याइपुस्से च्वंसा मेख्ये ग्यानापुस्सेच्वं भाला तलवार संकिबले छलय् ज्वीमसल कि ज्यान हे वने य: । नाग, सर्पयानं खेल, कासा क्यनेगु या । शंख पुया, भेरी बाजा थाना अज्यागु उत्सवया वातावरण हे संगीतमय याइगु, जुइगु अतिकं हे न्ह्याइपुस्से च्वंगु उत्सव ख: । स्वकुमि भाजु मयजुपिं मस्ती जुया मा:चा क्वखाया, तिसा वस: ब्वया, बाँलाका समा: याना मद्यमाँस यक्व: हे सेवन याना आनन्द कया च्वनी ।

मेला उत्सव अक्सर याना नगरे जुइसा थ्व मेलाय् ब्वति कायत गां गामं यक्व यक्व दयक मूं वइगु जुया च्वन । थत्थे राजधानी उत्सवया घोषणा यायत राजाज्ञा कथं 'भेरी' धैगु बाजं थाना पुया च्वयकिगु जुल । थज्यागु बाजं च्वयकिगु न्यना नगरबासी जनतात आनन्द कायत उत्सव, मेला हनेत छैं छैं नं पिहा वइगु अतिकं हे न्ह्याइपुस्सेच्वं । फुक्क नगरबासी व ग्रामबासी जनतातय्सं थ:थ:गु न्हिज्या त्व:ता नख: चख: हनेकथं नया त्वना, पाहाँ पासापिन्त आदर सत्कारपूर्वक नके त्वंके याना मेलाय् ब्वति काइगु जुल । थ:थ:गु आस्थाकथंया इष्ट देवतापिं पूजा याइगु जुलसा ब्राह्मण तयत ला व जाया भोजन सत्कार याइगु, याकिगु धका पालि साहित्य जातके न्ह्यथना त:गु दु । जैन-सुत्रकथं नं अज्यागु मेला, पर्व, उत्सव जुइबले ब्राह्मण, श्रमण, अतिथि, गरिब फ्वगिंतय्त भोजन याकिगु जुयाच्वन । थज्यागु मेला उत्सव धुमधाम नक्सां जुइगु जूगुलिं नगरबासी जनतातय्सं फयांफक्व: बाँलाक हिसिदय्क यइपुस्से च्वंक तिसां तिया, वसतं पुना शोभायमान जुया मेला उत्सवे ब्वति का:वइगु जुयाच्वन । उत्सव मेलायात अज्जनं शोभाय्मान यायत, जुइकेत जुजुं नं, जुजुपाखें नं यक्व हे त:धंगु ग्वहालि याइगु जुयाच्वन । दुम्मेध जातकेला थत्थेनं न्ह्यथना त:गु दु- राजगृह नगरे उत्सव जुइबले राजगृह नगरयात देवनगर तुल्य सजेयाना शोभायमान याइगु जुलसा उगु उत्सवे मगध नरेशया सवारी जुइबले अलंकारं युक्तम्ह मंगल-किसि म्हय् च्वना लावालश्कर नापं फुक्क नगर चाहिला मेला उत्सव भ: भ: धायका हनिगु जुल । थज्यागु मेला-उत्सव छ्वा: तक न्ह्याइगु जुलसा गुलिं मेला ला लच्छि तकनं न्ह्याइगु, अले थ्व मेलाय् लच्छि तकनं स्वकुमि भाजु मयजुपिं आनन्द व मोजं न्हि छ्याइगु जुयाच्वन । बुद्धकालीन समाजया जनतातय्सं थी थी इलय् थी थी कथंया उत्सव, नख: चख:, पर्व, मेला याना जीवन न्ह्याइपुक छ्याना बुद्धकालीन सभ्यता व सँस्कृतियात च्वछाय्गु याना वया त:गु खने दु । अज्यागु मेला उत्सवत छसिकथं न्ह्यथनेगु पायछि तायका न्ह्यब्वयेगु कुत: याय् त्यना ।

१. **कर्षणोत्सव** :- थ्व कर्षणोत्सव दँयदशकं बाँलाक, अतिकं हे न्ह्याइपुक हनिगु उत्सव ख: । थ्व उत्सवया समारोहे अन देशया जुजुं वासाकू ज्वना बुँज्या याइगु जुयाच्वन । थज्यागु उत्सवया खँ काम-जातक (४६७) ले न्ह्य:थना त:गु दु । बुद्धकालीन समाज धैगु नं सामन्तवादी कृषि प्रथा दुगुलिं उबले जनतातय्सं धरतिमाता, पृथ्वीमाताया छातिइ वासाकू चले याना, छ्यला अन्नया उब्जनी याइगु जुलसा थज्यागु ज्या याय्गु धैगु अतिकं हे पवित्र व पुण्यया कर्म भापा: याइगु ज्या ख: । सिन्हाज्या याय्गु ई त्यय्वं थ्व धरतीमातायात, पृथ्वीमातायात बिशिष्ठ कथं पूजा याना वासाकू छ्यला बुँज्याया शुरु याइ । थत्थे धरतिमाता पूजायाना खुशी जुल धाय्वं अन्न भ्गीसं आशा याना कथं प्राप्त ज्वी धैगु मान्यता जुल । थज्यागु हे कथन मिथिला प्रदेशेनं दुगु जुयाच्वन । मिथिला राज्ये दुर्भिक्ष, अनिकाल ज्वीबले अनया मिथिला नरेश, राजा जनकं लुँयागु वासाकू छ्यला कर्षण - ज्या शुरु याइगु जुयाच्वन । सांख्यायन-गुह्यसुत्तकथं धाय्गु ख:सा कर्षण - ज्याया शुभारम्भ रोहिणी नक्षत्रय् याय्गु भिं जू, यायमा:गु ज्या जुया च्वन । बुँई वासाकू छ्यले न्ह्यो ब्राह्मणतय्सं वैदिक मन्त्र-उच्चारण याना थी थी दिशाय् पूजा याना दकले न्हापां भिंज्या कथं देशया जुजुं वासाकू ज्वना बुँज्या याइगु ख: । थ्वहे कर्षण-उत्सवयात थौकन्हे भ्गीसं नं सिन्हाज्याकथं सिन्हाज्याया शुरु जुइन धैगु अर्थे पाँ:चन्हे खुन्हु देशय् दुवातय् दुवातय् बौ ह्वला नाय्खिं बाजं थाना च्वय्का सिन्हाज्याया संकेत बिया वया च्वनागु हे दनि । अत्थेहे कर्षणोत्सव नं सिन्हाज्याया न्हापांगु छगु उबलेया बिस्कं मू दुगु उत्सब ख: । पारस्कर गुह्यसुत्रे नं धरतियात, पृथ्वीयात "सिता" धैगु ख: "इन्द्रया कला" धका नं धाइगु धका न्ह्यथना त:गु दु । उकि सितायात पूजा याइबले इन्द्रयात आह्वान याना पूजा यायेगु चलन दु । थुगुकथं पालि साहित्य व उबलेया थी थी धर्म शास्त्र कथंनं सिइदु कि उबलेया समाजे बर्षा मौसम शुरु जुइवं बुँज्यायात कया सिन्हाज्या महोत्सव अर्थात् कर्षणोत्सव याना बुँज्या न्ह्याकिगु जुया च्वन ।

थौकन्हे भ्गीसं नं अन्न बाली दुकाय्गु ज्या याना वया ... ...

क्रमश:



Downloaded from http://www.dhamma.digital

## बुद्धको अन्तिम वचन

२०५६ माघ १ गते

यसदिन भिक्षु अश्वघोष महास्थविरले "बुद्धको अन्तिम वचन" विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो "बुद्धको अन्तिम वचन (वय धम्मा संखारा अप्पमादेन सम्पादेथ) - अर्थात् सबै संस्कार अनित्य छन्, तसर्थ होश पुऱ्याई अप्रमादी जीवन जीउनु पर्छ भन्ने शिक्षालाई धेरैजसोले सहमती जनाउँछन् तर अप्रमादी जीवन जीउने अभ्यास गर्ने व्यक्तिहरू मध्ये गृहस्थीहरू मात्र होइन, भिक्षुहरू समेत पनि कम नै पाइन्छन् होला।"

उहाँले फेरि भन्नुभयो- "**अत्तदिपो भव अत्त शरणो**" - अर्थात् आफ्नो द्वीप आफै बन अरूको भर नपर भन्ने शिक्षा सबैको लागि महत्त्वपूर्ण शिक्षा हो। अप्रमादी (होशियारी) बन्नु पर्छ भन्ने कुरो थाहा पाइकन पनि हामीले चालै नपाइकन बेहोशी बन्न पुग्छौं।

उपमाको लागि बुद्धकालीन शाक्य कुमारहरू पाँच जवान प्रव्रजित हुँदा अहंकार नाश गर्न कपाल खौरने नाउ कपालीलाई सबभन्दा पहिला प्रव्रज्या दिन अनुरोध गर्ने व्यक्तिहरू ती शाक्य कुमारहरू नै थिए। तर प्रव्रजित भइसके पछि आफूभन्दा पहिला प्रव्रज्या भएका उपालीलाई वन्दना गर्नको लागि शीर निहुरिन धेरै नै कठिन पऱ्यो ती शाक्य कुमारहरूलाई। बडो मुश्किल पूर्वक उनीहरूले आफ्नो मनलाई वशमा राखी अहंकार दमन गरी वन्दना गरे उनीहरूले।

आजको समाजमा पनि बुहारीले सासुलाई नढोग्दा, भिक्षुहरूलाई चेलाले वन्दना गर्न भुल्दा रीस उठ्ने गर्छ। यो पनि अप्रमादी बन्न नसक्नुको चिन्ह नै भयो।

वास्तवमा हामीले पुराना संस्कारलाई त्याग्न सक्नु पर्छ र बौद्ध आचरणलाई जीवनमा उतार्न सक्नुपर्छ। होइन भने ४५ वर्षसम्म भगवान बुद्धले उपदेश दिनु भएको भारत देश जस्तै केवल नाम मात्रको बौद्ध तीर्थस्थल बन्न पुग्नेछ।

त्यसैले सबैले अप्रमादी बन्नको लागि आफ्नो गल्तीलाई महशूस गरी आफ्नो व्यवहारमा सुधार ल्याउन सक्नु पर्दछ।"

यसदिन ज्ञानेन्द्र महर्जनले कक्षा संचालन गर्नु भएको थियो भने नीता केशरीले रिपोर्टिङ्ग गर्नुभएको थियो।

## कर्म र कर्मफल

२०५६ माघ १५। यसदिन इन्दावती गुरुमांले कर्म र कर्मफल विषयमा चर्चा गर्दै भन्नुभयो- "चाइनिज भाषामा कर्म र कर्मफललाई "इङ को" भनिन्छ। बुद्धले भन्नुभएको छ- वैरभावले वैर कहिल्यै पनि शान्त हुने छैन। मैत्रीभावले मात्र वैरभाव शान्त हुनेछ। यही सनातनदेखि चलि आएको धर्म हो। यसको लागि हामीले बुद्धले देवदत्तप्रति गर्नुभएको मैत्री भावनाको आदर्श लिन सक्छौं। त्यति मात्र होइन, अंगुलिमाल (भिक्षु भइसकेपछि) लाई अरु मानिसहरूले जति दुर्व्यवहार गरेपनि उसले यसलाई कति पनि नराम्रो मानेन। बरु आफूले अरुलाई पहिला गरेको अन्याय अत्याचारको कर्मफल भोगिरहेको महशूस गरी उक्त कर्मफल छिटो नाश हुँदै जावस् भन्ने भावना राखी ती व्यक्तिहरूप्रति मैत्रीभाव राख्ने गर्नु हुन्थ्यो। यसले गर्दा उहाँले त्यस्तो कठिन अवस्थामा पनि आफ्नो चित्तलाई निर्मुल पारी द्वेष भावनाबाट टाढा राख्न सफल हुनुभयो।

आज विश्वमा कोही धनी, कोही गरीव, कोही रोगी, कोही निरोगी, कसैको दीर्घायू, कसैको अल्पायू, कोही सुन्दर, कोही कुरूप, अपाङ्ग आदि भइरहनु पनि तिनीहरूको आ-आफ्नो कर्म अनुसारको फल भोग गरिरहनु हो।

यसरी हामीले यी दृष्यहरूलाई ऐना हेरे जस्तै हेरी नराम्रो कार्यहरू नगरी आफूलाई पनि अरूलाई पनि भलो हुने कार्य गर्दै आफ्नो बानी व्यवहारमा सुधार्न सक्नु पर्छ। हामी सबैले काय वाक र चित्तद्वारा कुशल कर्महरूको संचय गर्दै आफूलाई राम्रो बाटोमा डोऱ्याउन सक्नु परेको छ।"

यसदिन ज्ञानेन्द्र महर्जनले कक्षा संचालन गर्नु भएको थियो भने नीता केशरीले रिपोर्टिंग गर्नुभएको थियो।

## छलफल

२०५६ माघ ८ गते।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य श्री मदन रत्न मानन्धर, अन्य सदस्यहरू र उपस्थित अन्य महानुभावहरू बिच एक छलफल कार्यक्रम सम्पन्न भयो। उक्त छलफल कार्यक्रममा सर्वप्रथम "छलफल" शब्दकै विषयमा छलफल भयो। छलफल भनेको नै कसैलाई लागेको शंका उपशंकालाई अगाडि ल्याई यसबारे सबैले विचार विमर्श गरी एउटा,



Downloaded from http://www.dhamma.digital

निष्कर्षमा पुग्नु नै छलफल हो भनी छलफलको अर्थ र आजभोली यस शब्दको प्रयोग गर्ने तरीकाको विषयमा छलफल भयो ।

भगवान् बुद्धले समय समयमा पाँच दुर्लभहरूको बिषयमा बताउने गर्नु हुन्छ । ती यसरी छन् ।

१. बुद्ध उत्पन्न हुनु दुर्लभ
२. मनुष्य उत्पन्न हुनु दुर्लभ
३. प्रव्रजित भाव दुर्लभ
४. श्रद्धा उत्पन्न हुनु दुर्लभ
५. सद्धर्म श्रवण अति दुर्लभ

यी पाँचवटा दुर्लभहरूमध्ये सद्धर्म श्रवण एउटालाई मात्र किन अति दुर्लभ भनिएको होला भन्ने प्रश्नको उत्तरमा सर्वप्रथम धर्म अनि सद्धर्म र त्यसको श्रवण (ग्रहण) को विषयमा छलफल गरियो । लोभ, द्वेष र मोहबाट मुक्त हुने शिक्षालाई नै सद्धर्म भनिन्छ । तर यस्तो शिक्षा पाउने वातावरण सृजना गर्न मात्र कठिन होइन वुझ्न पनि कठिन छ । त्यसैले यसलाई अति दुर्लभ भनिएको हो ।

तर अहिले यी पाँचवटा दुर्लभहरू हाम्रो अगाडि नै रहेकोले यिनीहरू प्राप्त गर्ने सुअवसर नगुमाउनका लागि सधैं प्रयासरत हुनुपर्छ भन्ने निष्कर्षमा पुगी छलफल कार्यक्रम समाप्त गरियो ।

★

## ❁ धर्म प्रचार ❁ — समाचार

### एकदिने नैतिकता जागरण प्रशिक्षण शिविर

२०५६ माघ १५ गते । स्थान- ध्यानकुटी विहार बनेपा ।

ध्यानकुटी संरक्षण समितिको आयोजनामा बनेपाका निमावि र माबि स्तरका बिद्यार्थीहरूलाई नैतिक शिक्षा जागरण गराउने उद्देश्यले नैतिक शिक्षा जागरण प्रशिक्षण शिविर संचालन गरिएको छ । उक्त शिविरमा बनेपास्थित आजाद मा.वि. चैतन्य मा.वि., हिमालय मा.वि., शिक्षा सदन मा.वि., काभ्रे मा.वि. र प्रगति प्रभात मा.वि.का करिव ६० जवान छात्रछात्राहरूको सहभागिता रहेको थियो । बनेपा नपाका प्रमुख डा. सुरेन्द्रबहादुर वाडे श्रेष्ठ र अन्य गन्यमान्य व्यक्तिहरूको उपस्थितिमा शुभारम्भ गरिएको उक्त प्रशिक्षण शिविर हाललाई महिनाको १ पटक शनिवार दिउँसो १२ बजेदेखि ४ बजेसम्म संचालन हुने कुरा जनाइएको छ ।

उक्त पहिलो प्रशिक्षण शिविरमा भिक्षु अश्वघोष महास्थविरले नैतिकता के हो ? यो किन चाहिन्छ र यसको पूर्ण अंगहरूबारे जानकारी दिनु भएको थियो । भिक्षु कौण्डञ्ञले विज्ञान संगसंगै मानिसमा आध्यात्मिक चिन्तनमा कमी आई नैतिक मूल्य मान्यतामा ऱ्हास आइरहेको वर्तमान अवस्थामा नैतिकता नै उत्तम जीवन जीउने कलाको रूपमा रहेको विषयमा शिक्षा दिनुभएको थियो । यसरी नै भिक्षु विशुद्धानन्दले सभ्यता र नैतिकता विषयमा प्रकाश पार्नु भएको थियो भने बौद्ध विद्वान सुरेन्द्र शाक्यले पाश्चात्य समाज र सभ्यता बारे प्रशिक्षण दिनु भएको थियो । यस कार्यक्रममा बनेपा नगर पालिकाबाट जलपान गराइएको थियो ।

**२०५६ माघ २९ गते ।**

दोश्रो प्रशिक्षण शिविर आज भोलिको नैतिकहीन समाजमा फैलिएको विकृतीहरूलाई दृष्टिगत गरी शान्ति वातावरणको लागि नैतिक शिक्षा अनिवार्य देखिएकोले संचालन गरिएको थियो ।

यस प्रशिक्षण शिविरमा भिक्षु अश्वघोष महास्थविरले शान्तिको लागि नैतिक शिक्षा विषयमा शिक्षा दिनु भएको थियो ।

भिक्षु सुशीलले जीवनमा नैतिकताको महत्त्व बारे विस्तृत व्याख्या गर्नु भएको थियो ।

त्यस्तै भिक्षु विशुद्धानन्दले नैतिकताको लागि सम्यक शिक्षा विषयमा शिक्षा दिनु भएको थियो भने भिक्षु कौण्डञ्ञले नैतिकता र नागरिक जीवन विषयमा पढाउनु भएको थियो । यस कार्यक्रममा ध्यानकुटी संरक्षण समितिबाट जलपान गराईएको थियो ।

### न्हुज

✍ **ज्ञानरत्न शाक्य**, पलाती

नेपामी वा नेपा सीके वा
सपुत या जयन्तीयाय् वा
वयागु ईतिहास न्यने वा
न्हुज भ्रीसं नं लुयके वा

बैशाख पुन्ही थं मुने वा
भिंगु विहारे वने वा
स्यूपिसं मस्यूपिन्त कने वा
शाक्यमुनी न्ह्योनेतय् वा

चेतन जुया अचेत मजुया
मिखां खना नं काँ मजुया
बुद्धया अंस फुकेमते वा
ल्वाय् हे मते गबलें थगु हे थासे



Downloaded from http://www.dhamma.digital

## छैठौं अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन सम्पन्न

२०५६ माघ (१८-२४)। स्थान- अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार, लुम्बिनी।

अन्तर्राष्ट्रिय बौद्ध धर्मावलम्बी महिलाहरूको बीच एकता र सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले छैठौं अन्तर्राष्ट्रिय बौद्ध महिला सम्मेलन सम्पन्न भएको छ। महिला नै शान्ति स्थापक व्यक्ति, परिवार, समाज र विश्व (Women as peace makers: Self family, Community and World) नारा रहेको सो सम्मेलनको मिति २०५६ माघ १८ गते युवा खेलकूद एवं सँस्कृति मन्त्री शरदसिंह भण्डारीले पानसमा बत्ति बाली उद्घाटन गर्नु भएको थियो।

भिक्षु अश्वघोष महास्थविरबाट पंचशील प्रार्थना गराउनु भई, भिक्षुणीहरूबाट मंगलपाठ गरी शुरु गरिएको सो सम्मेलनको उद्घाटन कार्यक्रममा भिक्षुणी सुजाताले स्वागत भाषण गर्नुभएको थियो। भिक्षुणी धम्मवतीको अध्यक्षतामा संचालित उक्त उद्घाटन समारोहमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य सुमन कमल तुलाधरले उद्घोषण गर्नु भएको थियो।

उद्घाटन समारोहमा बोल्नुहुँदै प्रमुख अतिथि युवा खेलकूद तथा सँस्कृति मन्त्री श्री भण्डारीले बुद्धको उपदेश ग्रहण बिना शान्ति प्राप्त हुन नसक्ने र बौद्ध धर्म दर्शनमा निहित उपदेश एवम् निर्देशनहरूले मानविय जीवन शैलीमा क्रान्तिकारी परिवर्तन ल्याएको मनसाय ब्यक्त गर्नुभयो।

सोही अवसरमा बोल्नु हुँदै पूर्व अर्थ राज्यमन्त्री श्री दीपकुमार उपाध्यायले बुद्धको अहिंसात्मक उपदेशलाई व्यवहारमा उतार्न सक्नु पर्ने कुरा उल्लेख गर्नुभयो।

भिक्षु अश्वघोष महास्थविरले समारोहमा बोल्नुहुँदै बुद्धले नारी र पुरुषमा कुनै भेद नराखी महिला शक्तिको लागि सर्वप्रथम क्रान्तिकारी आवाज उठाउनु भएको विषयमा चर्चा गर्नुभयो।

यही क्रममा भिक्षुणी धम्मवतीले शाक्यधिताको अर्थ प्रकाश पार्नुहुँदै भन्नुभयो- "शाक्यधिताको मुख्य अर्थ बुद्धका छोरीहरू हुन्। त्यसैले शाक्यधिता सम्मेलनमा भाग लिनु भएका बुद्धका छोरीहरू तपाई हामीले आफ्नो बुबा (बुद्ध) को जन्मभूमि लुम्बिनीको विकास कार्यमा आफूले सक्दो सहयोग गर्नु हाम्रो कर्त्तब्य हुनेछ। बुद्धकी सानी आमा महाप्रजापती गौतमीले नै भिक्षुणी संघको स्थापना गर्नुभएको थियो। त्यसैले यस विहारको नाम अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार राखिएको हो। यस अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहारले विश्वका सबै भिक्षुणीहरूलाई स्वागत गर्दछ। हाल लुम्बिनीमा जति पनि विदेशी विहारहरू निर्माण गरिएका छन्, तिनीहरूमध्ये धेरैजसो विहारहरू सम्बन्धित विदेशी सरकारको निगरानी र सहयोगबाट निर्माण भइरहेका छन्। तर यस अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार सरकारको निगरानी र सहयोगमा होइन श्रद्धालु उपासक उपासिकाहरूको सहयोग र भिक्षुणीहरू भिक्षा गई संकलन गरेको दान सहयोगबाट निर्माण भइरहेको छ। त्यसैले हाम्रो आर्थिक अवस्था कमजोड भएको फलस्वरूप यस विहारलाई यथोचित समयमा पूरा गर्न सकिरहेको छैन। यसैमा हामीलाई खेद छ।"

शाक्यधिता संघका सचिव भिक्षुणी कर्म लेक्से सोमोले आफ्नो विचार प्रकट गर्नुहुँदै भन्नुभयो- "संसारमा जन्म लिएका मानिसहरू सबैका जन्मदाता आखिर महिलाहरू नै हुन्। त्यसैले हामीले संसारका महिलाहरूलाई हरेक क्षेत्रमा विशेष ग्राह्यता दिनुपर्ने देखिन्छ।"

शाक्यधिताका अन्तर्राष्ट्रिय अध्यक्ष रंजनी डि सिल्वाले पनि बुद्धका छोरीहरूको अर्थ जनाउने शाक्यधिताको महत्त्व बारे चर्चा गर्नुभयो।

यसरी नै उक्त समारोहमा आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुने अन्य महानुभावहरू यसरी हुनुहन्थ्यो -

रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ज्ञानकाजी शाक्य, लुम्बिनी विकास कोषका उपाध्यक्ष गजेन्द्र लामा, लुम्बिनी विकास कोषका सचिव श्री विमल शर्मा, शाक्यधिताका उपाध्यक्ष डा. कोको कावानामी, कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी सिताराम खनाल र लुम्बिनी विकास कोषका प्रोजेक्ट मैनेजर विरेन्द्र कुमार यादव आदि हुनुहुन्थ्यो।



Downloaded from http://www.dhamma.digital

प्रत्येक २ वर्षको अन्तरमा संचालन हुने यस शाक्यधिता सम्मेलनले समाजका समसामयिक तथा सामाजिक आवश्यकता तथा महिला समस्यामा केन्द्रित रही आयोजना हुने गरेको छ । यस अघि बुद्धगया, थाइल्याण्ड, लद्दाख, श्रीलंका र क्याम्बोडिया आदि गरी जम्मा पाँचवटा देशहरूमा सम्पन्न भइसकेको यस सम्मेलन हाल नेपालमा छैठौं पटक सम्पन्न भएको हो ।

बौद्ध सँस्कृतिमा महिलाको भूमिका, विश्वमा बौद्ध महिला, बौद्ध समाजमा नारी स्वास्थ्य, नेपालमा बौद्ध महिलाको संघर्ष, नेपालमा नारी र धार्मिक शिक्षा, नेपालमा नारी र बालबालीकाहरूको स्वास्थ्य, बौद्ध महिला र सामाजिक न्याय, केटीहरूको देह व्यापार रोकथाम, श्रीलंकामा भिक्षुणी संघको पुन:स्र्थापना, टाइवानमा भिक्षुणीहरूको अनन्त संसार, एक्काइसौं शताब्दीमा बौद्ध महिला, करूणाको विकास, नेपाली राजकुमारी भृकुटी र वहाँको देन, नेपाली गाउँहरूमा बालबालीकाको लागि धर्म शिक्षा, मुस्ताङ्मा बौद्ध महिलाको इतिहास, मैत्री शान्तिको मार्ग, करूणाको शिक्षण आदि विषयहरूमा व्यापक छलफल र अन्तरक्रिया गरिएको उक्त छैठौं अन्तर्राष्ट्रिय बौद्ध महिला सम्मेलनमा अमेरिका, क्याम्बोडिया, बर्मा, श्रीलंका, भारत, जापान, कोरिया, भियतनाम, थाइलैण्ड, चीन, मलेसिया, अष्ट्रेलिया, आयरलैण्ड, नैडरलैण्ड, जर्मन, न्यूजिलैण्ड, नर्वे, स्पेन, बेलायत र नेपाल आदि लगायत विभिन्न २७ देशका करीव तीन सय प्रतिनिधिहरू सहभागी रहेका थिए ।

सात दिनसम्म निरन्तर संचालित उक्त समारोहमा कार्यपत्र प्रस्तुत गरी छलफल गर्नुको साथसाथै बिहान ध्यान र साँझ ५ बजेदेखि ६ बजेसम्म बुद्ध पूजाको कार्यक्रम समावेश गरिएको थियो । यसरी नै हरेक दिन साँझ ६ बजे देखि साँस्कृतिक कार्यक्रमहरू र स्लाइड सो (बिभिन्न देशका भिक्षु भिक्षुणीहरूको रहन सहन, नेपालको समाज सुधार सम्बन्धी, ब्रह्माण्ड संसार, क्याम्बोडियामा संचालित शाक्यधिता सम्मेलन आदि) प्रस्तुत गरिएको थियो । यही क्रममा नेपाल भाषा मिसा खल:को तर्फबाट २ दिनसम्म (नेपाली र नेवारी नाच, सितारवादन) आदि आकर्षक कार्यक्रमहरू प्रस्तुत गरी सहभागीहरूलाई प्रभाव पार्न सफल भएका थिए ।

२०५६ माघ २४ गतेका दिन सम्मेलनको समापन समारोह सम्पन्न गरिएको थियो । उक्त समापन समारोहमा विभिन्न देशका प्रतिनिधिहरूले आ-आफ्नो भाषाबाट बुद्ध पूजा र मैत्री भावना गरेका थिए । समापन समारोहमा आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-

भिक्षुणी धम्मवती, भिक्षुणी सुजाता, लुम्बिनी विकास कोषका प्रोजेक्ट मैनेजर श्री विरेन्द्र कुमार यादव, शाक्यधिताका सचिव भिक्षुणी कर्मलेक्से सोमो; अध्यक्ष रञ्जनी डि सिल्वा, उपाध्यक्ष कोको कावानामी र कोषाध्यक्ष ग्रावियला आदि ।

समापन समारोहको अन्त्यमा भिक्षुणी धम्मवती र शाक्यधिताका सचिव भिक्षुणी कर्मलेक्से सोमोको तर्फबाट उपहार आदान प्रदान गरिएको थियो । अन्त्यमा कार्यपत्र प्रस्तुत गर्ने महानुभावहरू र अन्य कार्यकर्ताहरूलाई खाता ओढाई सम्मान गरिएको थियो ।

स्मरणीय छ माघ १८ गतेदेखि २४ गतेसम्म संचालित उक्त सम्मेलनमा शाक्यसिंह विहार र धर्मकीर्ति विहारका स्वास्थ्यकर्मीहरूको तर्फबाट (सम्मेलनमा भाग लिनु हुने महानुभावहरूलाई) आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइएको थियो ।

### सातौं राष्ट्रिय बौद्ध सम्मेलन

२०५६ (२१-२३) । स्थान- चितवन ।

धर्मोदय सभाको आयोजनामा तीन दिने सातौं राष्ट्रिय बौद्ध सम्मेलन सुसम्पन्न गरिएको छ । उक्त सम्मेलनको उद्घाटन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्नुहुँदै उप-प्रधानमन्त्री रामचन्द्र पौडेलले नेपाललाई धार्मिक र साँस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने उद्देश्यले लुम्बिनीमा भौतिक पूर्वाधारको रूपमा अन्तर्राष्ट्रिय विमानस्थल, मायादेवी मन्दिर र अन्य आवश्यक निर्माण कार्यमा सुधार गरी लुम्बिनीलाई अन्तर्राष्ट्रिय धार्मिक तीर्थस्थलको रूपमा विकास गर्ने सरकारले प्रयास गर्ने कुरा बताउनु भयो ।

युवा खेलकूद तथा सँस्कृति मन्त्री शरतसिंह भण्डारीले सुन्दर विश्वलाई शान्तिपूर्वक मानव बस्ने ठाउँ बनाउन सारा विश्व एकमत छ भन्नुहुदै जहाँको धर्म र दर्शनले विश्वलाई शान्ति र अहिंसाको बाटोमा हिंड्न प्रेरणा दिएको छ, आज त्यही देशका मानिसहरू हिंसामा संलग्न हुनु अत्यन्त लाज र चिन्ताको विषय


Downloaded from http://www.dhamma.digital

भएको कुरा उल्लेख गर्नुभयो । उहाँले मायादेवी मन्दिर नेपाल सरकारले नै निर्माण गर्ने संकल्प लिएको र त्यसको लागि आवश्यक सहयोग गर्न अन्तर्राष्ट्रिय जगतमा पनि अनुरोध गरिएको कुरा पनि बताउनु भयो ।

शील प्रार्थना, परित्राण पाठ, बुद्ध पूजा र स्वस्तिवाचन समेत गरिएको सो उद्‌घाटन समारोहमा मेघौली-९ चितवनकी १२४ बर्षिया मीनाकुमारी क्षेत्री लगायतका सात जवान वृद्ध वृद्धाहरूलाई सम्मान गरिएको थियो ।

सो सम्मेलनमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट सम्मेलनको सफलताको कामना गरी पठाइबक्सेको सन्देश पढेर सुनाइएको थियो । यसै गरी प्रधानमन्त्री भट्टराई वर्ल्ड फेलोसिप अफ बुद्धिष्ट नेपालका लागि शाही थाई राजदूतावास, नेकपा (एमाले) लगायतका विभिन्न संघसंस्थाबाट प्राप्त शुभकामना सन्देश पनि पढेर सुनाइएको थियो ।

धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा सो सभाका चितवन अध्यक्ष अक्कल ध्वज गुरूङ्ग, केन्द्रीय महासचिव सुवर्ण शाक्य, उपाध्यक्षहरू लक्ष्मीदास मानन्धर, श्री ओम्कार प्रसाद गौचन, प्रा. आशाराम शाक्य, डा. त्रिरत्नमान तुलाधर र श्री इन्द्रबहादुर गुरूङ्ग आदिले बुद्ध धर्म दर्शन विषयमा आ-आफ्ना मन्तव्य ब्यक्त गर्नु भएका थिए ।

सोही समारोहमा बौद्ध व्यक्तित्त्व भुवनलाल प्रधानलाई भिक्षु अनिरुद्ध महास्थविरले १५ हजार रुपैयाँ राशि भएको धर्मोदय धम्म पुरस्कार प्रदान गर्नु भएको थियो ।

बुद्धको अस्थिधातु र बुद्ध प्रतिमा हात्ति माथि राखी नगर परिक्रमा गरिएको उक्त समाराहेमा बिभिन्न बौद्ध झाँकीहरू प्रदर्शन गरिएको थियो । त्यस्तै उक्त समारोहमा आशातित असंख्य नरनारीहरू सहभागी भएकोले समारोह अझ भब्य देखिएको थियो ।

तीन दिनसम्म संचालित उक्त कार्यक्रमको समापन समारोह एमाले नेता भरत मोहन अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो । समापन समारोहमा सम्बोधन गर्नुहुँदै उहाँले नेपाल बहुधार्मिक राष्ट्र भएकोले नेपालको संबिधान बनाउँदै गरेको अवस्थामा आफूले नेपाललाई धर्म निरपेक्ष बनाइनु पर्ने विषयमा जोड दिएको कुरा चर्चा गर्नुभयो ।

## भिक्षु अश्वघोष विभूषित हुने

मिति १९ मार्च सन् २००० को दिन भिक्षु अश्वघोष महास्थविर बर्मी सरकारबाट प्रदान गरिने "अग्ग महा सद्धम्म ज्योतिक ध्वज" उपाधिबाट बिभूषित हुनुहुने भएको छ । भिक्षु अश्वघोष बुद्ध शिक्षा प्रचार कार्यमा शुद्ध र निश्वार्थ भावनाले, नित्य रूपले लाग्नु भएको फलस्वरूप उहाँको यस देनलाई कदर गरी म्यानमा सरकारको धार्मिक मन्त्रालयको तर्फबाट उक्त उपाधी प्रदान गर्न लागेको बुझिएको छ ।

यही उपलक्षमा यशोधरा बौद्ध विद्यालयका प्रधानाध्यापिका माधवी गुरुमांले भिक्षु अश्वघोष महास्थ-विरको व्यक्तित्त्व (बुद्ध शिक्षा प्रचार कार्यमा) बारे केही शब्द उल्लेख गर्नु भएको छ । जुन यसरी रहेको छ ।

### १. केही शब्द

बुद्धको पालामा मात्र प्रशंसनिय भिक्षुहरूको उदय भएको होइन, कार्यकुशलताको आधारमा योग्यता अनुसार एतदग्ग पदवी प्राप्त गरिरहने भिक्षुहरू अहिले पनि हाम्रा अगाडि छन् ।

त्यस्तै उपासक उपासिकाहरू पनि कम छैनन् । बुद्धले नै प्रशंसा गर्नु भएकोले हामीले पनि यस्ता महानुभावहरूको प्रशंसा गर्न आवश्यक छ । यसले गर्दा राम्रा क्षेत्रमा लाग्ने व्यक्तिहरूलाई प्रोत्साहन मिल्नेछ भने नराम्रो क्षेत्रमा लाग्ने व्यक्तिहरूलाई त्यस्तो क्षेत्रमा नलाग्न शिक्षा मिल्नेछ । त्यसैले मैले पूज्य भिक्षु अश्वघोषको व्यक्तित्त्व यहाँ उल्लेख गर्न लागिरहेकी छु ।

### २. भिक्षु अश्वघोषको ब्यक्तित्त्व

पूज्य भिक्षु अश्वघोष महास्थविर एक त्यागी र दाताराममा गनिनु हुन्छ । उहाँ निश्वार्थ भावले काम गर्नुहुन्छ । अलि रिसाहा स्वभावको हुनु भएपनि उहाँको मन भने सफा देखिन्छ । उहाँ परोपकारी र समाजसेवीको साथै लेखक पनि हुनुहुन्छ ।

उहाँले आफूलाई दानबाट प्राप्त भएका बस्तु, रुपैयाँ पैसालाई संगाली राख्नु हुन्न । आफूसंग भएका बस्तुहरू कसैलाई आवश्यक भएको देख्ने बित्तिकै दिने उहाँको स्वभाव छ भने आफूसँग भएको रूपैयाँ पैसा पनि धर्मप्रचार कार्यहरूमा खर्च गरी ती रूपैयाँको सदुपयोग गर्नुहुन्छ । त्यस्तै उहाँले बुद्ध शासनमा प्रव्रजित भई बसेका श्रामणेर र भिक्षुहरूको पठन पाठनमा आवश्यक खर्च यथाशक्य आफैले गरिदिनु हुन्छ भने कोही दु:खीहरूको आपद विपदमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग पनि गरिरहनु हुन्छ ।

Downloaded from http://www.dhamma.digital

बुद्ध शिक्षा प्रचार कार्यमा अग्रसर भई आफूसंग भएको धन सदुपयोग गर्न पुस्तकहरू प्रकाशन गर्नुहुन्छ। त्यति मात्र होइन, बौद्ध जागरण प्रशिक्षण शिविर संचालन गर्नको लागि आवश्यक खर्चहरू गर्न उहाँ पछाडि पर्नुहुन्न। हालै बनेपास्थित ध्यानकुटी विहारमा विभिन्न स्कुलका विद्यार्थीहरूलाई नैतिक शिक्षा प्रशिक्षण शिविर संचालन गरी धर्मप्रचार गरिरहनु भएको छ। यस कार्यमा पनि उहाँले दानबाट प्राप्त भएको रूपैयाँ सदुपयोग गरिरहनु भएको छ।

भिक्षाको भरमा बाँच्नु पर्ने त्यागी भएर त्यसरी पैसा खर्च गर्न भएन। शरीर जीर्ण भएर जाने बेलामा बिरामी पर्दा भइपरी आउने खर्चको लागि पनि केही रकम संगाल्नु पर्छ भनेर उहाँको हित चिताई कसैले सल्लाह दियो भने उहाँ रिसाउँदै भन्नुहुन्छ, "यस्तो कुरा गर्ने बानी मलाई मन पर्दैन। त्यागी जीवन बिताइ रहने व्यक्तिको त्यसरी धन संगाली राख्ने स्वभाव काम लाग्दैन। शुद्ध चित्त भएको व्यक्तिलाई त्यस्तो आपद विपदमा धनले अड्किंदैन।"

उहाँले यसरी हप्काउने गरेको कुरा सत्य नै सावित भएको मैले पाएँ। यसको प्रमाण यहाँ प्रस्तुत गर्न चाहन्छु।

एकदिन उहाँलाई पुस्तक प्रकाशन गर्नको लागि रू. १०,०००/- जति खर्चको आवश्यक परेको रहेछ। तर उहाँलाई त्यति रकम जम्मा गर्न कठिन परिरहेको रहेछ। यही विषयमा सोच्न बाध्य परिरहेको उहाँ भन्ते एकदिन साँझपख आफ्नो खाटमा पल्टिरहनु भएको थियो। त्यहीबेला एक व्यक्तिले भिक्षु अश्वघोष तपाईं नै हो ? भन्दै सोध्न आइपुगेछ। भिक्षु अश्वघोषले भन्नुभयो - "हो मै हुँ। तपाइँ को नि ? मैले तपाईलाई चिनिन। कहाँबाट आउनु भएको होला ?" उपासकले भनेछ- "म त उपासक हुन लागेको व्यक्ति हुँ। तपाईले लेख्नु भएको बुद्ध शिक्षामा आधारित पुस्तक पढेर म ज्यादै प्रभावित भएँ। ज्यादै राम्रो लाग्यो तपाइँको पुस्तक त। त्यसैले मैले तपाइँलाई खोज्दै यहाँसम्म आइपुगें। हुनत म पाटनको ह:खा टोलमा बस्ने मानिस हुँ।" त्यसबेला बत्ति निभाउने दिन रहेछ। साँझपख अँध्यारो भएकोले कोठामा आएको त्यस व्यक्तिको अनुहार पनि प्रष्ट नभएको रहेछ। अनि त्यस व्यक्तिले फेरि भनेछ- "अँध्यारो भइसक्यो भन्ते ! अब म लागिहाल्छु, यो खाम एउटा हजुरलाई नै चढाउन ल्याएको" यति भनेर भन्तेलाई खाम दिएर उक्त व्यक्ति कोठाबाट निस्केछ। भिक्षु अश्वघोषले खाम लिई खुरुक्क टकिया मुनि राखी पल्टिरहनु भएछ।

जब बत्ति आयो, त्यस व्यक्तिले दिएको खाम भित्र के लेख लेखिएको होला हेर्नु पर्‍यो भनी भन्तेले हेर्नु भएको त खाम भित्र रू १०,०००/- नगद राखिएको रहेछ। कस्तो संयोग ! आफ्नो आवश्यकता पूरा गर्नको लागि एक दूत नै आएको जस्तो भान परेछ उहाँलाई। अनि भन्तेको मनले यसरी सोचेछ- "त्यस व्यक्तिको नाम के होला ? अँध्यारो भएकोले अनुहार पनि चिनिएन। जे होस् त्यस व्यक्तिलाई धेरै धेरै धन्यवाद। शाक्यमुनि बुद्ध बुद्ध हुनुभन्दा अगाडि सुजाताले भोजन दान दिएकी थिइन्। त्यसबेला उनीले सिद्धार्थ कुमारसंग आफ्नो इच्छा पूरा होस् भन्ने आशिका गरेकी थिइन्। त्यस्तै आज मलाई यो रकम दान दिने त्यस व्यक्तिको केही कामना बाकी रहेको रहेछ भने ती सबै पूरा होस्।"

यसरी भिक्षु अश्वघोषलाई घटेको यस घटनाबाट हामीले भन्न सक्छौं, हाम्रो मन सफा र निश्वार्थी राख्न सक्यौं भने उपकार हुने नै रहेछ।

उहाँले गाउँ गाउँमा धर्म प्रचार गर्ने कार्य मन पराउनु हुन्छ। त्यसैले उहाँ सप्तरी, खैरेनी, धरान, बेनी, बाग्लुङ, पोखरा आदि नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा जानु भई बुद्ध शिक्षा प्रचार गरी समाज सेवा गरिरहनु हुन्छ। यति मात्र होइन पत्र पत्रिका मार्फत र पुस्तक प्रकाशन र लेखन मार्फत धर्म प्रचार गर्ने कार्यमा पनि त्यतिकै तन मन र धन दिई काम गरिरहनु भएको छ।

उहाँले लेख्नु भएको पुस्तकहरूमध्ये मलाई मन पर्ने पुस्तक "बुद्धकालीन सँस्कृति" हो। यस पुस्तक अति मूल्यवान् सम्झें मैले। जति हेरे पनि नपुग्ने सारयुक्त पाएँ मैले। ज्ञान बुद्धी भनेको पँधेरो र कुवामा प्राप्त हुने पानी जस्तै होइन। यस्तै सारयुक्त पुस्तकहरू अध्ययन गरेको खण्डमा मात्र ज्ञान प्राप्त गर्न सकिने छ।

आशा छ, यस्तै अमूल्य पुस्तकहरू भिक्षु अश्वघोषले पछि फेरि पनि प्रकाशन गर्नु हुनेछ।

अस्तु !

२०५६।१०।२६

**माधवी गुरुमां**
यशोधरा बौद्ध मा.वि.
ललितपुर

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, ... -१) २५८६७८
Downloaded from http://www.dhamma.digital